# बाल अधिकार

## विषयगत पुस्तिका




**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर

सबैका लागि मर्यादा, समानता र न्याय

# बाल अधिकार

विषयगत पुस्तिका

प्रकाशक

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

२०६९

| | | |
|---|---|---|
| **लेखन** | : | मञ्जु खतिवडा |
| **संयोजन** | : | वेदप्रसाद भट्टराई |
| | : | सूर्य बहादुर देउजा |
| **सम्पादन** | : | वेदप्रसाद भट्टराई |
| | : | दुर्गा खड्का |
| | : | सूर्य बहादुर देउजा |
| | : | सम्झना शर्मा |
| | : | जीवन न्यौपाने |
| **शुद्धाशुद्धी** | : | कैलाशकुमार सिवाकोटी |
| **प्रकाशन मिति** | : | जेठ, २०६९ |
| **संस्करण** | : | प्रथम |
| **प्रति** | : | २००० |
| **प्रकाशन नं.** | : | ८८ - १३८ - २०६९ |
| **सर्वाधिकार** | : | राष्ट्रिय मानव अधिकार आयोग, नेपाल। |
| **प्रकाशन सहयोगी** | : | राष्ट्रिय मानव अधिकार आयोग, क्षमता सवलीकरण परियोजना |
| **मुद्रण** | : | युनाइटेड ग्राफिक प्रिन्टर्स, फोनः ४००९५७० |

---

वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई यस पुस्तिका एवम् यसका अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ। यसबाहेक आयोगको पूर्व स्वीकृतीबिना यस पुस्तिकलाई व्यापारिक वा अन्य प्रयोजनको लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन।

# पुस्तिका सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको स्थितिलाई सुनिश्चित गर्ने सन्दर्भमा आफ्नो स्थापनाकालदेखि नै विभिन्न ढङ्गबाट कार्य गर्दै आएको छ । मानव अधिकारका विविध विषय र सवालहरूलाई समष्टिगत रूपमा हेर्दा कतिपय विशिष्ट अधिकारहरूको उपभोगबाट वञ्चितीकरणमा परेका मानिसहरूको लागि मानव अधिकारको विषय गौण बन्न नजाओस् भन्ने उद्देश्यका साथै आयोग स्वयम्को आत्मसमीक्षा र भावी कार्ययोजनाहरूमा समेत परिमार्जन, परिष्करणको लागि यो विषयगत पुस्तिका प्रकाशन गर्ने जमर्को गरिएको हो । जसबाट यस क्षेत्रमा आयोगले गरेका कामकारबाहीहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सङ्क्षिप्तमा जानकारी पुग्न जाने अपेक्षा गरिएको छ । सम्बन्धित सरोकारवालाहरू सबैको सरसल्लाह एवम् सुझावबाट यसलाई भविष्यमा अझ परिस्कृत गर्दै लैजान सहयोग पुग्नेछ ।

यस पुस्तिकामा नेपालमा बाल अधिकारको सङ्क्षिप्त परिचय, अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, यस सम्बन्धमा आयोगले निर्वाह गरेको भूमिका तथा गतिविधिहरू, अनुसन्धान, अनुगमन र सम्वर्द्धनात्मक कार्यहरू, हाल आयोगमा अनुसन्धानको क्रममा रहेका उजुरीहरूको अवस्था, आयोगले प्रदान गर्ने सेवाहरू, आयोगका हालसम्मका प्रकाशनहरू एवम् विभिन्न निकायहरूसँग आयोगले गरेका सहकार्यहरू समेतलाई उजागर गर्ने प्रयत्न गरिएको छ ।

अन्त्यमा, यो परिचयात्मक पुस्तिका तयारीका क्रममा विशेष सहयोग गर्ने मानव अधिकार अधिकृत जीवन न्यौपाने, घनश्याम भण्डारी, तथ्याङ्क उपलव्ध गराई सहयोग गर्नुहुने मानव अधिकार सहायक तारादेवी वाग्ले, खिमानन्द बस्याल, मन्दिरा श्रेष्ठ लगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउने आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरू विशेष धन्यवादका पात्र छन् । आशा छ, यस विषयमा चासो राख्नुहुने सबै महानुभावहरूको लागि यो प्रकाशन एक उपयोगी सामग्री हुनेछ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

# विषय–सूची


| | | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | नेपालमा बाल अधिकारको अवस्था | २ |
| ३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता | ७ |
| ४. | आयोगको भूमिका | १७ |
| ५. | आयोगका गतिविधिहरू | १९ |
| ५.१. | संरक्षणात्मक कार्यहरू | १९ |
| ५.२. | संवर्द्धनात्मक कार्यहरू | २० |
| ५.३. | कानुन तथा नीतिहरूको पुनरावलोकन | २५ |
| ५.४ | उजुरी तथा सिफारिसहरू | २६ |
| ५.५. | आयोगद्वारा प्रदान गर्ने सेवाहरू | २८ |
| ५.६. | आयोगका प्रकाशनहरू | २९ |
| ६. | समन्वय र सहकार्य | ३३ |
| ७. | आयोगका कार्यालयहरू | ३५ |

# बाल अधिकार

## १. परिचय

### १.१. पृष्ठभूमि

नेपालको कुल जनसङ्ख्याको झण्डै आधा हिस्सा बालबालिकाहरू रहेको छ। नेपाल सरकारले बालबालिकाहरूको हक, अधिकार, संरक्षण र सम्वर्द्धनका लागि बाल अधिकारसम्बन्धी महासन्धि लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू, त्यसका ऐच्छिक प्रलेखहरू, घोषणापत्र तथा कार्ययोजनाहरूमा प्रतिबद्धता जनाएको छ। यस्ता महासन्धिहरूको व्यवहारिक कार्यान्वयनको लागि विभिन्न राष्ट्रिय तथा क्षेत्रीय एवम् स्थानीय स्तरका कार्यक्रमहरू, ऐननियमहरू निर्माण भए पनि व्यवहारिक कार्यान्वयनका लागि विभिन्न चुनौतीहरू देखापरेका छन्। बालबालिकाका क्षेत्रमा क्रियाशील थुप्रै सङ्घसंस्थाहरू कार्यरत रहिआएका छन्। ती सङ्घसंस्थाहरूको गतिविधि, कार्यक्रम तथा कार्ययोजनाहरूलाई सहयोग एवम् प्रोत्साहनका लागि आयोगले समन्वय र सहकार्य गर्दै आएको छ। नेपालमा टुहुरा तथा परित्यक्त, श्रमिक, बेचबिखनमा परेका, द्वन्द्व तथा अपराधिक गतिविधिबाट प्रभावीत, घरपरिवार तथा समाज एवम् विद्यालयमा नै भेदभाव, दुर्व्यवहार, हिंसा तथा बालविवाहको सिकार भइरहेका भनी प्रकाशित विभिन्नतथ्याङ्कबाट उनीहरूको अवस्था सन्तोषजनक नरहेको प्रष्ट हुन्छ।

२०५७ जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएपश्चात् आयोगले बालबालिकाको अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका लागि निर्वाह गरेको भूमिकाका बारेमा सर्वसाधारण जनता, नागरिक समाज, मानवअधिकारका क्षेत्रमा कार्यरत अधिकारकर्मीहरू लगायत सम्वद्ध सम्पूर्ण सरोकारवाला अधिकारी, निकायहरूलाई जानकारी, सुसूचित गर्ने उद्देश्यले बाल अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका प्रकाशन गरिएको हो। प्रस्तुत पुस्तिकामा बाल अधिकारको अवस्था, बाल अधिकारको संरक्षण, सम्वर्द्धन र

पालनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू, आयोग स्थापनादेखि हालसम्म सम्बन्धित विषयमा परेका उजुरी र सिफारिसहरूको सम्बन्धमा उल्लेख छ। त्यसैगरी आयोगका गतिविधिहरू, आयोगसँगको समन्वय र सहकार्य लगायतका विषयहरूलाई उजागर गर्ने प्रयास गरिएको छ। प्रस्तुत पुस्तिका मार्फत यस क्षेत्रमा कार्यरत सम्पूर्ण सङ्घसंस्थाहरू, मानव अधिकार कर्मीहरू एवम् सम्पूर्ण पाठकवर्गसमेतलाई सहयोग पुग्ने विश्वास गरिएको छ।

### १.२. बालअधिकार इकाइ

आयोगले द्वन्द्वकालमा बाल अधिकारको विषयलाई प्राथमिकतामा राखी बाल संरक्षण एवम् सम्वर्द्धनका लागि बालबचाउ नर्वे नेपालको आर्थिक सहयोगमा ३० डिसेम्बर २००५ मा बाल अधिकार इकाइ स्थापना गरिएको थियो। आयोगको क्षेत्रीय कार्यालयहरूमा पनि बाल अधिकारसम्बन्धी सम्पर्क अधिकृत तोकिएको थियो। हाल पनि आयोगमा बाल अधिकारसम्बन्धी कार्यका लागि बालसंरक्षण इकाइमा एकजना अधिकृतलाई सम्पर्क व्यक्ति तोकिएको छ। यस इकाइले बालअधिकार उल्लङ्घनका उजुरीहरूउपर आवश्यक कारबाही, अनुसन्धान तथा अनुगमन, बालअधिकार सम्वर्द्धनसम्बन्धी कार्यहरू गर्दै आएको छ।

## २. नेपालमा बाल अधिकारको अवस्था

नेपालमा उमेरको हिसाबमा बालबालिकाको परिभाषामा एकरूपता छैन। बाल अधिकारसम्बन्धी महासन्धिले १८ वर्षलाई विशेष आधार लिएको छ भने नेपालको राष्ट्रिय कानुन बालबालिकासम्बन्धी ऐन, २०४८ ले १६ वर्षलाई आधार मानेको छ तर नेपाल बालअधिकार महासन्धिसम्बन्धी नेपाल पक्षराष्ट्र भइसकेकोले अन्तर्राष्ट्रिय मापदण्डलाई अनुशरण गर्नुपर्ने हुन्छ। बाल अधिकार भन्नाले बालबालिका विशेषमा लागू हुने अधिकार हो, जुन गर्भावस्थादेखि बाल्यावस्थासम्म प्राप्ति हुन्छ। बाल अधिकारसम्बन्धी महासन्धिले बाल अधिकारको परिपालनासम्बन्धी दायित्व अविभावक तथा राज्य दुवैमा रहने व्यवस्था गरेको छ। नेपालमा राष्ट्रिय जनगणना २०५८ अनुसार कुल जनसङ्ख्या २ करोड ३१ लाख ५१ हजार ४२३ रहेकोमा १४ वर्षमुनि ३९.३० प्रतिशत १६ वर्षमुनि ४३.१३ प्रतिशत र १८ वर्षमुनि ४७.५ प्रतिशत बालबालिका रहेका छन् ।

विश्वमा पाँच वर्षमुनिका बालबालिकामध्ये हाल प्रतिदिन २६ हजार बालबालिकाको मृत्यु हुने गरेकोमा युनिसेफको २००८ को प्रतिवेदनअनुसार नेपालका बालबालिकाको मृत्युदर घटेकोछ। सो प्रतिवेदनअनुसार नेपालको बालमृत्युदर प्रतिहजार ६१ रहेको छ। यो गत एक दशकको तुलनामा ६७ प्रतिशतले कम रहेको प्रतिवेदनमा जनाइएको छ।

नेपाल सरकारले अपहरणसम्बन्धी मुलुकी ऐन (१२ औं संशोधन), २०६३ विधेयक स्वीकृत गरेको छ। विधेयकमा हत्या, बेचबिखन, जर्वजस्ती करणी, वेश्यावृत्ति, यातना तथा रकम असुली गर्ने उद्देश्यले नागरिकलाई अपहरण गर्ने, गैरकानुनी थुनामा राख्ने र बन्धक गराउनेलाई कम्तीमा सात वर्षदेखि बढीमा १५ वर्षसम्म कैदसजाय र ५० हजारदेखि २ लाखसम्म जरिवाना हुने व्यवस्था छ। नाबालकलाई अपहरण गर्नेलाई भने १७ वर्ष, अपहरण गर्न दुरुत्साहन गर्ने, आदेश दिने तथा सहमति दिनेलाई पनि कसुरदारसरह सजाय हुनेछ। अपहरणको मतियारलाई पनि कसुरदारलाई हुने भन्दा आधा सजायको भागी हुने उल्लेखछ। बालअधिकार हननका घटनाहरू प्रकाशमा आउनु, सम्बन्धित निकायको ध्यान जानु, कतिपय दोषीहरू कानुनी कारबाहीमा पर्नुलाई सकरात्मक कार्यको रूपमा लिन सकिन्छ। आयोगले यही तथ्यलाई मध्यनजर राखी बालबालिकाका अधिकार हनन् हुने गरी कुनै पनि काम नगर्न र त्यस्ता अधिकारको संरक्षण गर्नका लागि अविलम्ब निर्देशन जारी गर्नुका साथै जनस्तरसम्म पुग्ने गरी प्रचारप्रसार गर्न सरकारलाई सिफारिस गरी ध्यानाकर्षण गराउनुलाई समेत सकरात्मक कदमको रूपमा उल्लेख गर्न सकिन्छ। त्यसैगरी सर्वोच्च अदालतबाट २०६४ साल पुस ६ गते तेस्रो लिङ्गीको अधिकारसम्बन्धी भएको फैसलालाई सकरात्मक रूपमा लिन सकिन्छ।

सकरात्मक कदमका वावजुद पनि ठूलो सङ्ख्यामा रहेका बालबालिकाका अधिकारहरूमा जीवनको अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार सहभागिताको अधिकार कुनै न कुनै रूपबाट प्रभावीत भएको अवस्था छ। जीवनको अधिकारभित्र जन्मदर्ता, पोषणयुक्त आहार, सुरक्षित आवास, स्वास्थ वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचारसम्बन्धी अधिकारहरूबाट बालबालिकाहरू वञ्चित हुन पुगेका छन्। विशेषतः तराईका जिल्लाहरूमा विभिन्न सशस्त्र समूहबाट धम्की आउने लगायतका कारण गाविस सचिवहरू गाउँ नजाने हुनाले बालबालिकहरू जन्मदर्ताको अधिकारबाट वञ्चित हुन

पुगेका छन् । बालहत्या, नवजात शिशुको हत्या, आत्महत्याजस्ता घटनाले निरन्तरता पाइरहेको अवस्था छ ।

परिवार एवम् गाउँ नै अन्धविश्वासमा रुमल्लिएको कारण कतिपय बालबालिकाले ज्यान गुमाउनुपरेको स्थिति छ । अपहरणसम्बन्धी मुलुकी ऐन (१२ औँ संशोधन), २०६३ विधेयक पारित भइ ऐनको रूप लिए पनि कार्यान्वयन पक्ष फितलो देखिएको छ । मोटो रकम नदिए अपहरणको धम्की दिने, अपहरण गर्ने परिपाटी फस्टाएको स्थिति छ । जनवरीदेखि जुन २००८ सम्ममा ३८ जना बालबालिकालाई अपराधिक समूहले अपहरण गरेको भनी प्रकाशित सिविनको तथ्याङ्कले पनि यसलाई पुष्टि गर्दछ । अपहरणमा परेका वा हराएका बालबालिकाहरू मध्ये ठूलो सङ्ख्यामा बालबालिकाहरू पत्ता लागेका छैनन् । महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिको पहलमा स्थापित बालबालिका खोजतलास समन्वय केन्द्रले सन् २००८ गरेको अध्ययनअनुसार हराएका मध्ये २,४५८ अर्थात ५९.९८ प्रतिशत फेला परेका र १,६४० जना फेला पार्न नसकिएको भनी उल्लेख गरेबाट पनि यसको पुष्टि हुन्छ ।

बालबालिकासम्बन्धी ऐन, २०४८ र श्रम ऐन २०४८ ले १४ वर्षमुनिका बालबालिकालाई श्रमिकको रूपमा प्रयोग गर्न निषेध गरे पनि सरकारी अधिकारीहरू नै यस कार्यमा संलग्न भएका समाचारहरू प्रकाशमा आएका छन् । सन् २००१ को जनगणनाअनुसार घरेलु बालश्रमिकका रूपमा १४ वर्ष मुनिका बालबालिकाको सङ्ख्या १७,८०३ रहेकोमा बालक ४६.३ प्रतिशत र बालिका ५३.७ प्रतिशत रहेको उल्लेख छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन(ILO)ले २६ लाख बालश्रमिकहरुमध्ये १ लाख २७ हजार जोखिमपूर्ण व्यवसायमा संलग्न रहेको भनी अनुमान गरेको छ । सहरी क्षेत्रमा बालबालिकाहरू विभिन्न सवारीसाधनमा जोखिमपूर्ण कार्यमा संलग्न रहेका छन् । कतिपय बालबालिकाहरू घरेलुहिंसामा पीडित हुन पुगेका छन् । बालबालिकाहरूमा आर्थिक तथा सामाजिक समस्याहरू, जस्तै– विस्थापित, भोकमरी, गास, बास, औषधोपचार, छाउपडी प्रथा, कमलरी प्रथा, हलिया प्रथा, जातीय विभेदको सिकार हुन पुगेको देखिन्छ ।

सशस्त्र द्वन्द्वबाट ठूलो सङख्यामा बालबालिकाहरू प्रभावीत हुन पुगेका छन् । बालबालिकाको मृत्यु, घाइते, आपाङ्ग, अपहरण, बेपत्ता, गैरकानुनी थुना,

दुर्व्यवहार, सशस्त्र समूहका सेनामा भर्ना, परिवार वा परिबारको मुख्य व्यक्ति विस्थापित, मृत्यु, अपहरण, बेपत्ता हुनाले उनीहरूका विभिन्न अधिकारमाथि पर्न गएको असरको प्रभाव अहिले पूर्णतः न्यूनीकरण हुन नसकेको अवस्था छ । संयुक्त राष्ट्रसङ्घ मिसन (UNMIN)-को तथ्याङ्कअनुसार तत्कालीन नेकपा (माओवादी)-को विभिन्न सैन्य शिविरमा २,९७३ जना बालसैन्य रहेको तथ्य सार्वजिनक भएको थियो । आयोगको प्रतिवेदन अनुसार आयोगले २०६५ भदौ २१ मा सुर्खेतको दशरथपुरमामात्रै करिब २०० बालबालिकाहरू शिविरमा रहेको जनाएको थियो ।

ILOको एक प्रतिवेदनले नेपालको सहरी क्षेत्रमा १६ वर्षभन्दा मुनिका ५,००० बालिकाहरू यौनजन्य व्यवसायमा संलग्न रहेको अनुमान गरेको छ । २००८ को जनवरीदेखि जुनसम्ममा २४ वटा यौनशोषण, ७५ वटा बलात्कार, विद्यालय अनुशासनको कारबाहीमा ६९ वटा घटना भएको सिविनले जनाएको छ । त्यसै गरी अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २००८ को मानव अधिकार स्थितिमा १८६ जना १८ वर्षमुनिका बालबालिका बालात्कारबाट पीडित भएको तथ्याङ्क सार्वजनिक गरेको छ । यी केवल प्रकाशमा आएका घटनामात्र हुन् ।

बालबालिकाको क्षेत्रमा विभिन्न बालसंरक्षण गृहहरू सञ्चालनमा आए पनि कतिपयले आधारभूत मापदण्ड पूरा गर्न नसकेको, अधिकांश सहरी क्षेत्रमा केन्द्रित रहेको स्थिति छ । केन्द्रीय बालकल्याण समितिले ३७ जिल्लामा कुल



४५४ बालगृह सञ्चालनमा रहेकोमा ३२१ मात्र विधिवत सञ्चालनमा रहेको र बालगृहमा रहेका कुल ११ हजार ९ सय ६९ मध्ये सबैभन्दा बढी बालबालिका काठमाडौँमा रहेको देखाएको छ । ७५ जिल्लामै जिल्ला अदालतका न्यायधीश तथा बाल मनोवैज्ञानिकसमेत रहनुपर्ने व्यवस्था भए पनि कार्यान्वयन पक्ष एकदमै फितलो रहेको छ । कतिपय बालबालिकाहरू जेलमा अभिभावकसँगै आश्रित रहनुपरेको स्थिति छ ।

बालबालिकाहरू विकासको अधिकारबाट पनि वञ्चित अवस्थामा छन् । उचित जीवनस्तरका लागि आवश्यक, बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका लागि आवश्यक पर्ने सुविधा र अवसरहरू प्राप्ति हुन नसकेको अवस्था छ । शैक्षिक दृष्टिकोणबाट शिक्षक, विद्यार्थी सङ्गठन, राजनीतिक दल सबैको माग पुरा गराउन विद्यालयलाई केन्द्रित बनाइएको अवस्था छ । तराई तथा पूर्वी पहाडी जिल्लाहरूमा चलेको बन्द, हड्ताल तथा आन्दोलनको लहरले प्रवेशिका परीक्षा लगायत अन्य विद्यार्थीहरूको पढाइमा अवरोध पुगेको छ । संविधानसभा निर्वाचनमा विद्यालयलाई मतदान केन्द्र बनाइनुले पनि शिक्षाको अधिकारमाथि प्रभाव परेको थियो ।संविधानसभा निर्वाचनको दौरानमा विभिन्न राजनैतिक दलहरूले बालबालिकाहरूलाई प्रचार-प्रसार, सांस्कृतिक कार्यक्रम, चुनावी सम्बोधन आदि कार्यको लागि प्रयोग गरिएको थियो ।

सरकारले ५ वर्षसम्मका बालबालिकालाई भिटामिन ए खुवाउने, विभिन्न खोपहरूसम्बन्धी कार्यक्रमसमेत सञ्चालन गरिरहेको छ । नेपालमा हाल ७०,२५६ बालबालिका एचआइभिबाट प्रभावीत अनुमानित तथ्याङ्क छ । सुर्खेत, मकवानपुर, दैलेख, अछाम, दाङमा बढी मात्रामा एचआइभीबाट पीडित बालबालिका रहेको देखिएको छ ।

बिस्तृत शान्तिसम्झौता, २०६३ मा उल्लिखित बालबालिकासँग सम्बन्धित प्रावधान आशातित रूपमा कार्यान्वयन हुन सकेको छैन । द्वन्द्वकालमा प्रयोगमा ल्याइएका वेवारिसे बमहरू पूर्णरूपमा हालसम्म नष्ट गरिएको छैन । जसको कारण कतिपय बालबालिकाले ज्यान गुमाउनुको साथै घाइते भएका छन् ।

आयोगले बाल अधिकारसम्बन्धी गरेका सिफारिसहरूको पूर्ण कार्यान्वयन नहुनु, दण्डहीनताले प्रश्रय पाउनु आदि चुनौतीका रूपमा रहेका छन् । यसतर्फ आयोगले आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने अवस्था रहेको छ । सम्पन्न

र प्रभावशाली परिवारसँग सम्बन्धित बालबालिकाहरू सामाजिक, आर्थिक, शैक्षिक तथा स्वास्थ्य लगायतको क्षेत्रमा विकास हुँदै जाने तर गरिबी र गरिबीको रेखामुनि रहेका परिवारसँग सम्बन्धित बालबालिकाहरू सधैँ पछाडि पर्ने तथा राज्यले प्रदान गरेको सेवा सुविधामा पहुँच नहुने अवस्था विद्यमान छ । यसबाट उनीहरू आफ्नो अधिकार प्रयोग गर्नबाट वञ्चित हुदै आएका छन । नेपालमा बालअधिकारको संरक्षणको निमित्त ऐन, नियम निर्माण भएका छन् । मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गरेर संरक्षण तथा सम्वर्द्धनको दायित्व लिएको छ। विद्यालय र बालबालिकालाई शान्तिक्षेत्र घोषणा गरी विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ जारी गरी राज्य तहमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा राष्ट्रिय बालकल्याण समितिको पनि गठन गरेको छ । यसका वावजुद पनि द्वन्द्वबाट प्रभावीत बालबालिका, विस्थापीत बालबालिका, सडक बालबालिका, बालश्रम,बाल विवाह, बालबालिकाको ओसारपसार र बेचबिखन, शारीरिक यातना तथा दण्ड, बालसुधार गृहहरूको दुरावस्था, बालवेश्यावृती तथा यौनदुर्व्यवहार, कुपोषण तथा आधारभूत खोप, शिक्षा तथा स्वास्थ्य सुविधाबाट वञ्चित हुनुपरेको अवस्था छ । मुक्त कमैया, कम्लरी, बादी तथा अल्पसङ्ख्यक बालबालिकाहरूको अधिकारको क्षेत्रमा केही कार्य भए पनि समग्र अवस्था सन्तोषजनक छैन ।

## ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता

नेपालको अन्तरिम संविधान, २०६३ मा मौलिक हकअर्न्तगत बालबालिकाको हकसम्बन्धी व्यवस्था गरिएको छ। बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बालबालिकासम्बन्धी नियमावली, २०५१, बालश्रम (निषेधित र नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२, यस्ता ऐन कानुनहरूले सरकारी कर्मचारीहरूले १४ वर्षमुनिका बालबालिकालाई काममा लगाउन नपाइने व्यवस्था गरेको छ ।यसको कार्यान्वयनका लागि सन् २००६ मा आयोगले सरकारलाई निर्देशनात्मक आदेश दिएको थियो । बालबालिकाको लागि मुलुकी ऐन, २०२० को ११ औँ तथा १२ औँ संशोधनमा बालबालिकासम्बन्धी विभिन्न प्रावधानहरूको व्यवस्था, मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण गर्ने) ऐन, २०६४ र नियमावली, २०६५, बालन्याय (कार्यविधि) नियमावली, बालइजलाशको गठन, महिला बालबालिका तथा समाजकल्याण संसदीय समितिको संविधानसभा कार्यसञ्चालन नियमावली,

२०६५, विदेशी नागरिकलाई धर्मपुत्र तथा धर्मपुत्री ग्रहण गर्न दिने शर्त र प्रकृया, २०६५ रहेका छन् ।

त्यस्तै छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, नागरिकालाई प्राथमिक स्वास्थ्य केन्द्रमार्फत निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने तथा सूचीकृत औषधीहरू निःशुल्क वितरण गर्ने नीति, २०६५, सरकारी वकिलहरूका लागि बालन्यायसम्बन्धी अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६६ लगायतका प्रावधानहरू रहेका छन् । यसका अलावा अदालतमा महिला र बालबालिकाको उपस्थितिका सन्दर्भमा गोपनीयता कायम गर्ने सम्बन्धी कार्यविधि, २०६६, कारागार नियमावली, २०२० को १० औँ संशोधन बालविज्याइँमा परेका बालबालिकाको बालसुधार गृहमा रहने अवधि बढाउन सक्ने प्रावधान, बालबालिकाका लागि १० वर्षे राष्ट्रिय कार्ययोजना (२००५देखि २०१५), मानव अधिकार राष्ट्रिय कार्ययोजना, बिस्तृत शान्तिसम्झौता, २०६३ मा १८ वर्षमुनिकालाई सैन्यबलमा समावेश वा उपयोग नगर्ने, प्रभावीत बालबालिकाको तुरुन्त उद्दार गर्ने, निर्वाचन आयोगद्वारा जारी आचारसंहिता, २०६४ मा निर्वाचानका कुनै पनि क्रियाकलापहरूमा बालबालिकालाई प्रयोग गर्न नपाइने प्रावधानहरू रहेका छन् । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, ७५ वटै जिल्ला जिल्ला बालकल्याण समिति, राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, दलित आयोग, महिला तथा बालबालिका विभाग, प्रहरीमा महिला तथा बालबालिका सेवा केन्द्रजस्ता बालअधिकार संरक्षण र सम्वर्द्धन गर्ने कार्यका लागि महत्त्वपूर्ण संयन्त्रहरूको व्यवस्था गरिएको छ ।

बालअधिकार संरक्षणका लागि कृयाशील रहेका बालबालिका खोजतलाश सेवा केन्द्र, सबैका लागि शिक्षा  कार्यक्रम, बाल हेल्पलाइन सञ्चाल लगायतका कानुनी व्यवस्था तथा संयन्त्रहरूलाई सकारात्मक रूपमा लिन सकिन्छ । उपरोक्त कानुनी व्यवस्था तथा संयन्त्रहरूको विश्लेषणबाट नेपालमा बालअधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि देहायबमोजिमका केही महत्त्वपूर्ण कानुनी व्यवस्थाहरूको बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ :

## ३.१ राष्ट्रिय कानुनहरू:

### नेपालको अन्तरिम संविधान, २०६३ :

नेपालको अन्तिरम संविधान, २०६३ को भाग ४ मौलिक हकअर्न्तगत धारा १३ को समानताको हकमा बालबालिकाको  विकासको लागि कानुनद्वारा विशेष

व्यवस्था गरिने, धारा १७ मा शिक्षा तथा संस्कृति अधिकारसम्बन्धी प्रावधान छ । धारा २२ मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हकमा शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइने उल्लेख छ । त्यसैगरी असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक, कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाउने छैन भन्ने व्यवस्था रहेको छ ।

## बालबालिकासम्बन्धी ऐन, २०४८ र नियमावली, २०५१

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २ मा १६ वर्ष उमेर नपुगेकालाई बालबालिका भनी परिभाषित गरिएको छ । उक्त ऐनले १४ वर्षभन्दा मुनिका बालबालिकालाई काममा लगाउन नपाइने र १४ वर्षभन्दा माथिका बालबालिकालाई काममा लगाउँदा पनि विभिन्न सुरक्षा एवम् संरक्षणका उपायहरू अवलम्बन गर्नुपर्ने, बालबालिकालाई उचित पालनपोषण, शिक्षा, स्वास्थ्योपचारको व्यवस्था गरिनुपर्ने छोरा वा छोरीमा भेदभाव गर्न नहुने, क्रूर वा यातनापूर्ण व्यवहार गर्न नहुने, कठोर काममा लगाउन नहुने, माग्ने काममा लगाउन वा मुड्न नहुने तथा देवीदेवताको नाउँमा चढाउन नहुनेजस्ता व्यवस्थाहरू रहेका छन् ।

त्यस्तै बालबालिकाका फौजदारी न्यायसम्बन्धी व्यवस्थाहरूमा प्रचलित कानुनमा अपराध भनी किटान गरेकोमा बाहेक सजाय नहुने, बाल्यावस्थामा गरेको अपराधले पछि अयोग्यता सिर्जना नगर्ने, सजाय गर्ने प्रयोजनको लागि पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराधको गणना नहुने, बालकलाई कसैले सिकाइ आपराधिक कार्य गर्न लगाएमा सिकाउनेलाई सजाय हुने तर बालबालिकालाई सजाय नहुनेजस्ता सकारात्मक प्रावधानहरू राखिएका छन् । बालबालिकासम्बन्धी नियमावली, २०५१ मा बालबालिकाको हकहित तथा संरक्षणको लागि केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति, बालकल्याणसम्बन्धी व्यवस्था, बालसुधार गृहसम्बन्धी व्यवस्थाहरू रहेका छन् ।

## बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले पनि १४ वर्षमुनिका बालबालिकाहरूलाई काममा लगाउन निषेध गरेको छ। यदि कसैले यस्तो कार्यमा लगाएमा ३ महिनासम्म कैद वा १० हजार जरिवाना वा दुवै सजाय हुने उल्लेख छ। १४ वर्ष उमेर पूरा गरेकालाई पनि जोखिमपूर्ण एवम् इच्छाविपरीत काममा लगाउन नहुने र कसैले लगाएमा १ वर्षसम्म कैद वा ५० हजारसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान छ। संरक्षकको स्वीकृति लिएरमात्र काममा लगाउन पाउने प्रावधानअनुरूप बिनास्वीकृति काममा लगाएमा २ महिनासम्म कैद वा ५ हजारसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ। कसुरको सम्बन्धमा सम्बन्धित इलाकाको प्रहरी कार्यालय, बालबालिकाका अभिभावक वा संरक्षक, सम्बन्धित गाविस अथवा नगरपालिका, प्रतिष्ठानस्तरको मजदुर सङ्गठन र गैरसरकारी संस्थाबाट ऐनविपरीत कार्य गरेको मितिले १ वर्षभित्र श्रम-कार्यालयमा उजुरी दिन सकिने प्रावधान रहेको छ। श्रम-कार्यालयले गरेको सजाय चित्त नबुझेमा ३५ दिनभित्र श्रमअदालतमा पुनरावेदन गर्न सकिने तर कैदसजाय तोकिएकोमा सो उपर पुनरावेदन अदालतमा पुनरावेदन गर्नुपर्ने व्यवस्था समेत उक्त ऐनले गरेकोछ।

## कारागार ऐन, २०१९ तथा नियमावली, २०२०

यस ऐनको दफा ८ (१) मा थुना वा कैदमा परेकी महिलाको कैदी अवस्थामा बच्चा जन्मिए वा २ वर्षको नाबालकलाई आमाले हेरचाह गर्न चाहेमा आमाले हेरचाह गर्न सक्ने र २ वर्षपछि वारेसवालाले हेरचाह गर्न पाउने उल्लेख छ। त्यस्तै ८ (२) ले कुनै नबालकको लालपालन गर्ने कोही नभएमा थुना वा कैदमा रहुञ्जेल त्यस्तो नाबालकको सम्पूर्ण हेरविचार, शिक्षादीक्षा र लालनपालन तोकिएबमोजिम नेपाल सरकारले गर्ने उल्लेख गरिएको छ। कारागार नियमवली, २०२० को १० औँ संशोधनले बालसुधार गृहमा रहने अवधि बढाउन सक्ने प्रावधान राखेको छ। उक्त प्रावधानमा प्रचलित कानुनबमोजिम बालसुधार गृहमा पठाएका बालबालिकाको उमेर १६ वर्ष पुगेको भए तापनि सम्बन्धित बालसुधार गृहले निजको चालचलनमा सुधार आएको र निजलाई थप अवधिसम्म बालसुधार गृहमा राख्न उपयुक्त छ भनी सिफारिस गरेमा जेलरले त्यस्ता बालबालिकाको हकमा बालसुधार गृहमा बस्ने अवधि बढाउन सक्ने प्रावधान छ।

## अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ तथा नियमावली, २०५१

यस ऐनले  अपाङ्गपनको परिभाषा, निर्धारण, संरक्षण, समानताको हक, शिक्षा तथा तालिमको व्यवस्था, स्वास्थ्य तथा औषधी उपचारको व्यवस्था, सुविधा र सहुलियत, पालनपोषण आदिको व्यवस्था गरेको छ ।

## बिस्तृत शान्तिसम्झौता, २०६३

बिस्तृत शान्तिसम्झौताको वुँदा न. ६.७ मा उल्लेख भएबमोजिम १८ वर्ष वा सो भन्दा मुनिका बालबालिकाहरूलाई कुनै पनि सैन्यबलमा समावेश वा उपयोग नगर्न पूर्णरूपमा सहमत छन् । यसरी प्रभावीत बालबालिकाहरू तुरुन्त उद्दार गरिने छन् र तिनीहरूको पुनर्स्थापनको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ भन्ने व्यवस्था छ । वुँदा न. ५.१.४ मा दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराम तथा बारुदी सुरुङहरूको रेखाङ्कन, भण्डारण ३० दिनभित्र एकअर्कालाई जानकारी दिन र ६० दिनभित्र निष्क्रिय र निर्मूल गर्न एकअर्कालाई सहयोग गर्ने छन् भन्ने उल्लेख छ ।

## संस्थागत संयन्त्रहरू

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, बाल इजलाशको गठन, केन्द्रिय बालकल्याण समिति, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान, महिला तथा बालिबालिका विभाग, जिल्ला बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, गाविस बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, बालन्याय समन्वय समिति, बालबालिका खोजतलाश समन्वय केन्द्र, चेलीबेटी बेचबिखन, तथा बालयौन शोषणविरुद्ध राष्ट्रिय कार्यदल तथा जिल्लास्तरीय २६ जिल्लामा कार्यदल, नेपाल प्रहरीको केन्द्रीय कार्यलिय र मातहतका कार्यालयमा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना, बालसुधार गृह लगायतका संयन्त्रहरू बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि स्थापित राष्ट्रिय एवम्कानुनी संयन्त्रहरू हुन् ।

## ३.२ अन्तर्राष्ट्रिय कानुनहरू

## मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

घोषणापत्रको धारा २५ को उपधारा २ मा आमा र शिशुहरूलाई विशेष हेरचाह, सहायता पाउने, सबै बालबालिकालाई समान सामाजिक संरक्षणको

उपभोग गर्ने अधिकार हुने उल्लेख छ । त्यस्तै धारा २६ ले कम्तिमा पनि प्रारम्भिक र आधारभूत अवस्थामा निःशुल्क, अनिवार्य शिक्षाको व्यवस्था, प्राविधक र व्यवसीयिक शिक्षा सर्वसुलभ हुने व्यवस्था गरेको छ ।

## नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

यस प्रतिज्ञापत्रको धारा २४ ले बालबालिकाले बिनाभेदभाव आवश्यक संरक्षण पाउने अधिकारको व्यवस्था गरेको छ । त्यस्तै धारा ६ ले १८ वर्षमुनिका व्यक्तिबाट गरिएको अपराधमा मृत्युदण्ड दिन नपाइने प्रावधान राखेको छ ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ :

यस प्रतिज्ञापत्रको धारा १० (२) मा मातृत्वको संरक्षणको अधिकार, जस्तै– आमा र शिशुहरूलाई विशेष हेरचाह र सहायता पाउने, सुत्केरी हुनुअघि र पछि रोजगार महिलाहरूले तलब सुविधाहरूसहितको उचित बिदा पाउनुपर्ने उल्लेख छ । त्यस्तै धारा १० (३) मा पितृत्व वा अन्य अवस्थाहरूको कारणबाट कुनै भेदभावबिना सम्पूर्ण बालबालिका तथा युवाहरूको पक्षमा संरक्षण एवम् सहायताको विशेष उपायहरू अपनाइनुपर्ने भनिएको छ । धारा ११(१) खाना, कपडा र आवासको अधिकार, धारा ११ (२) बमोजिम भोकबाट मुक्त हुने अधिकार, धारा १२(१) अनुसार स्वास्थ्यसम्बन्धी अधिकार, १२ (२) बमोजिम शिशु मृत्युदर घटाउने र बालस्वास्थ्य विकासबारे व्यवस्था छ । धारा १३ (१) बमोजिम शिक्षासम्बन्धी अधिकारको व्यवस्था जसमा सबैका लागि प्राथमिक शिक्षा अनिवार्य तथा निःशुल्क उपलव्ध गराउनुपर्ने, माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षासमेत संलग्न गरी त्यसमा सबैको पहुँच पुऱ्याउनुपर्ने, उच्च शिक्षा समान रूपले सबैको पहुँच पुग्ने बनाइनुपर्ने, प्राथमिक शिक्षा पुरा नगरेकाहरूलाई शैक्षिक कार्यक्रममा सहभागी गराउने, सबै तहमा पाठशाला प्रणालीको विकास, छात्रवृत्तिको पर्याप्त व्यवस्था हुनुपर्ने भन्ने उल्लेख छन् ।

## महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

यस महासन्धिको धारा १ मा लिङ्गको आधारमा कुनै पनि भेदभाव नगर्ने कुरा उल्लेख छ । धारा ११ ले बालस्याहार सुविधा प्रणालीको उपभोगको अधिकार र धारा १२ ले महिलालाई गर्भवती, प्रसुति र प्रसूतिपश्चात्को समयमा चाहिने आवश्यक सेवाहरू उपलब्ध गराउनुपर्ने भनिएको छ ।

## यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९९४

यस महासन्धिको धारा १४ ले यातनाको कार्यबाट पीडित व्यक्तिले उचित तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्न सक्ने, यातनाको फलस्वरूप पीडित भएको व्यक्तिको मृत्यु भएमा निजका आश्रितहरूले क्षतिपूर्ति पाउने अधिकारको बारेमा उल्लेख गरेको छ ।

## बाल अधिकारसम्बन्धी महासन्धि, १९८९

यस महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट २० नोभेम्बर १९८९ मा पारित २ सेप्टेम्बर १९९० देखि लागू यस महासन्धिलाई नेपालले १४ सेम्टेम्बर १९९० मा बिना शर्त अनुमोदन गरेको थियो । बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि यो महासन्धि प्रमुख अन्तर्राष्ट्रिय कानुन हो । यस महासन्धिमा ५४ धाराहरू रहेका छन् । महासन्धिका विभिन्न धाराहरूमा बालबालिकाको परिभाषा, भेदभाव गर्न नहुने, बालबालिकाको उच्चत्तम हित, अधिकारहरूको कार्यान्वयन सम्बन्धमा, बाबुआमाको मार्गदर्शन र बालबालिकाको उदयोन्मुख क्षमता सम्बन्धमा व्यवस्था गरिएको छ । त्यसैगरी दीर्घ जीवन र विकास, नाम र राष्ट्रियता, परिचयको संरक्षण, आमाबाबुबाट विछोड सम्बन्धमा, पारिवारिक पुनर्मिलन, अवैध स्थानान्तरण र नफर्काउने सम्बन्धमा व्यवस्था गरिएको छ । यस्तै बालबालिकाको विचार, अभिव्यक्तिको स्वतन्त्रता, विचार, विवेक र धर्मको स्वतन्त्रता, सङ्गठनसम्बन्धी स्वतन्त्रताको बारेमा उल्लेख छ ।

निजीपनको संरक्षण, उचित जानकारीको प्राप्ति, बाबुआमाको दायित्व, दुर्व्यवहार र उपेक्षाबाट संरक्षण, परिवारविहिन बालबालिकाको संरक्षणको बारेमा पनि महासन्धिमा व्यवस्था गरिएको छ । धर्मपुत्रपुत्री लिने प्रक्रिया, शरणार्थी बालबालिका, अपाङ्ग बालबालिकाहरू, स्वास्थ्य र स्वास्थ्य सेवाहरू, पालन स्थानको आवधिक समीक्षा, सामाजिक सुरक्षा, जीवनस्तर, शिक्षा, शिक्षाको उद्देश्यलाई महासन्धिले प्राथमिकतामा राखेको छ । त्यसै गरी अल्पसङ्ख्यक वा आदिवासी जनताका बालबालिकाहरू, फुर्सद, आराम र सांस्कृतिक क्रियाकलापहरू, बालमजदुर, लागूपदार्थको दुरुपयोग, यौनशोषण, बेचबिखन, सौदाबाजी, अपहरण, अन्य किसिमको शोषण, यातना र स्वतन्त्रताको अपहरण, सशस्त्र सङ्घर्ष, पुनर्स्थापनासम्बन्धी स्याहार, बालबालिकासम्बन्धी न्यायप्रशासन लगायतका प्रावधानलाई यस महासन्धिमा समावेश गरिएको छ ।

## सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २०००

संयुक्त राष्ट्रसङ्घको महासभाको २५ मे २००० मा पारित भइ १२ फेब्रुअरी २००२ बाट लागू यस आलेखमा १३ धाराहरू रहेका छन् । यसमा द्वन्द्वमा भाग लिन नहुने कुराको सुनिश्चिता गर्नुपर्ने, सशस्त्र फौजमा स्वेच्छाले भर्ना हुन चाहनेको न्यूनत्तम उमेर १८ वर्ष उमेर नपुगेकालाई सशस्त्र फौज वा विद्रोहको लागि भर्ना गर्न वा प्रयोग गर्न नहुने, त्यस्तो कार्यलाई निषेध गर्न उपायहरू अपनाउनुपर्ने उल्लेख छ। इच्छाधीन आलेख विपरीत भर्ना वा प्रयोग गरिएकालाई निष्कृय पार्न उन्मुक्तिको लागि हरसम्भव उपायहरू अपनाउनुपर्ने, त्यस्ता व्यक्तिहरूलाई तिनीहरूको शारीरिक र मानसिक अवस्था पूर्वस्थितिमा ल्याउँन र तिनीहरूलाई समाजमा पुनःस्थापना गर्नको लागि उपयुक्त प्रकारको सबै सहयोग उपलव्ध गराउनुपर्ने, आलेखमा भएका प्रावधानको कार्यान्वयन तथा लागू गर्नुपर्ने, आलेखको सिद्धान्त र प्रावधानहरूलाई वयस्क र वयस्क हुन लागेका बालबालिकाहरूलाई व्यापक रूपमा अवगत गराउने र अभिवृद्धि गर्ने, उत्तरदायित्व लिने, यसको लागि प्राविधक सहयोग र आर्थिक योगदान पक्षराष्ट्रहरूसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्गठनहरूको परामर्श लिएर प्रचलित बहुपक्षीय, द्विपक्षीय र अरू माध्यमबाट वा अरू कुराहरूको अलावा महासभाको नियमानुसार स्थापना भएको स्वेच्छिक कोषको माध्यमबाट गर्नेछन् भन्ने जस्ता प्रावधानलाई समेटिएको छ ।

## बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लिल चित्रणविरूद्ध बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २०००

यस आलेखलाई संयुक्त राष्ट्रसङ्घको महासभाको प्रस्ताव नं. ५४/२६३ बाट पारित भई १२ फेब्रुअरी २००० बाट लागू यसमा १७ धाराहरू रहेका छन् । बेचबिखन, वेश्यावृत्ति, अश्लिल चित्रण गर्ने कार्यलाई निषेध, वेचबिखनको परिभाषा, फौजदारी वा दण्डसम्बन्धी व्यवस्था कानुनमा समेटिएका छन् भनी प्रत्याभूति गर्नु, कसुर रोक्नको लागि कानुनहरू, प्रशासनिक उपायहरू, सामाजिक नीतिहरू, र कार्यक्रमहरू बनाउने, वा मजबुत बनाउने, कार्यान्वयन गर्ने र प्रचारप्रसार गर्ने कार्य गर्ने, पीडित बालबालिकाको संरक्षणमा विशेष ध्यान दिने, यसको लागि अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्न आवश्यक कदम चाल्ने आदि जस्ता प्रावधानहरू यस आलेखमा रहेका छन् ।

## दक्षिण एसियामा बालकल्याण प्रबर्द्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी महासन्धि, १९९९

५ जनवरी २००२ बाट लागू ।यसमा भाग ४ र १३ धाराहरू रहेका छन् । यसभित्र बालअधिकारको परिभाषा, यस सन्धिको प्रयोजन र उद्देश्य, निर्देशक सिद्वान्तरू, जस्तै–बालबचावट, बालसंरक्षण, बालविकास र बालसहभागिताको अधिकारलाई प्रमुख पूर्वशर्तको रूपमा लिने, क्षेत्रीय प्राथमिकता र व्यवस्था, क्षेत्रीय व्यवस्थाहरू, द्विपक्षीय र बहुपक्षीय सहयोग आदि प्रावधानरूको व्यवस्था गरिएको छ ।

## वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सो विरूद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि, २००२

यस महासन्धिमा बालबालिकाको परिभाषा, वेश्यावृत्तिको परिभाषा, जीउ मास्नेबेच्ने कामको परिभाषा, जीउ मास्नेबेच्ने कार्यमा संलग्न, बेचबिखन गरिएका, संरक्षणगृहको परिभाषा एवम् फिर्ता गर्ने काम आदिको व्याख्या गरेको छ। वेश्यावृत्ति रोकथाम, प्रतिरोध तथा दमनका लागि प्रभावकारी रूपले सञ्चालन गर्न, यस्ता कार्यबाट पीडित व्यक्तिहरूलाई फिर्ता, पुनर्स्थापना र खासगरी सार्क क्षेत्रका मुलकमा महिला तथा बालबकालिकालाई वेश्यावृत्तिको अन्तर्राष्ट्रिय सञ्जालहरूमा लगाउने काम रोकथाम गर्नु यसको उद्देश्य रहेको छ। यस्तो कार्य गर्नेलाई सजाय, न्यायिक अधिकारीहरूले पीडित बालबालिका तथा महिलाको गोप्यता कायम राख्ने, उपयुक्त परामर्श तथा कानुनी सहायता उपलव्ध गराउने, पारस्परिक कानुनी सहायता, सपुर्दगी र अभियोजनसम्बन्धी व्यवस्था, महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम र निषेध गर्ने उपायहरू, पीडितको हेरचाह, उपचार, पुनर्स्थापना तथा फिर्ता गर्ने काम, महासन्धिको कार्यान्वयन आदि प्रावधान रहेका छन् ।

## अन्तर्राष्ट्रिय श्रमसङ्गठनसम्बन्धी महासन्धि, १३८ तथा १८२

१९ जुन १९७१ बाट लागू भएको यस महासन्धिको धारा २ मा बालकको परिभाषा गरिएको छ। महासन्धिको धारा ३ मा १८ वर्षभन्दा कम उमेरकालाई खतरामा पर्न सक्ने काममा संलग्न नगर्ने उल्लेख छ। सोही धाराले बालश्रमका निष्कृष्ट स्वरूपहरू, जस्तै–दासत्व अथवा दासत्व समान व्यवहार बालबालिकाहरूको बिक्री तथा जीउ मास्नेबेच्ने, ऋणबँधुवा र बाँधाप्रथा तथा

सशस्त्र सङ्घर्षमा प्रयोगका लागि बालकहरूको बलयुक्त वा अनिवार्य भर्ना, अनिवार्य श्रम, वेश्यावृत्ति लगायतका बारेमा उल्लेख गरेको छ। त्यसैगरी अश्लिल साहित्य उत्पादनका लागि वा अश्लिल प्रदर्शनहरूका लागि बालकलाई प्रयोग, लागू औषधहरूको उत्पादन तथा ओसारपसारको निमित्त बालकलाई प्रयोग गर्ननहुनेसमेतका बारेमा उल्लेख छ।

## संयुक्त राष्ट्रसङ्घको बाल अधिकारसम्बन्धी समिति

बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा ४३ बमोजिम बाल अधिकारको अधिकारसम्बन्धी समिति स्थापित भएको हो। यसमा ४ वर्षको अवधिका लागि १८ जना विशेषज्ञहरू रहने प्रावधान रहेको छ। यसको पहिलो बैठक १९९१ मा बसेको थियो। समितिले प्रतिवेदन प्रणालीको माध्यमबाट महासन्धिअन्तर्गत आ-आफ्नो दायित्वहरूका सम्बन्धमा पक्षराष्ट्रहरूबाट हासिल गरिएको प्रगतिको सुपरीवेक्षण गर्दछ। त्यस्तै महासन्धिको धारा ४४ अन्तर्गत पक्षराष्ट्रहरूले महासन्धिमा स्वीकार गरेका अधिकारहरूको कार्यान्वयन गर्नका लागि आफूले अपनाएका उपायहरू तथा ती अधिकारहरूको उपभोगमा हासिल गरिएको प्रगती सम्बन्धी प्रतिवेदनहरू आफ्नो हकमा महासन्धि लागू भएको मितिले २ वर्षभित्र र त्यसपछि प्रत्येक ५ वर्षमा संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत समितिमा पेश गर्ने कबुल गरेका छन् जसअनुसार नेपालले पक्षराष्ट्रको हैसियतले सन् १९९६ मा प्रारम्भिक प्रतिवेदन र सन् २००५ मा दोस्रो आवधिक प्रतिवेदन पेश गरिसकेको छ। त्यसरी पेश गरिएको प्रतिवेदन तथा जानकारीका आधारमा संयुक्त राष्ट्रसङ्घको बालअधिकार समितिले नेपालको दास्रो आवधिक प्रतिवेदन (सी.आर.सी./सी/६५/अतिरिक्त ३०) माथि २० मे २००५ मा सम्पन्न १०३२ औं र १०३३ औं बैठकमा छलफल गरी ३ जून २००५ मा सम्पन्न १०५२ औं बैठकबाट नेपाललाई विभिन्न सिफारिसहरू पेश गरेको थियो। हालै नेपालले बाल अधिकारसम्बन्धी महासन्धिको तेस्रो आवधिक प्रतिवेदन पेश गरेको छ।

उल्लिखित अन्तर्राष्ट्रिय कानुनहरूको अतिरिक्त सहश्राव्दी विकास लक्ष्य, २००० ले बालबालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धी विषय समावेश गरेको, वेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलन, १९९५ मा बालिकाको अधिकारका सवालहरू समावेश गरिएको छ। यसैगरी सुरक्षा परिषद्को घोषणा नं. १६१२, सन् २००५ मा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग सम्बन्धमा अनुगमन

गर्न संयुक्त राष्ट्रसङ्घको महासन्धि अन्तर्गत एक संयन्त्र निर्माण गर्ने सुरक्षापरिषद्को घोषणा जारी भएको छ ।

### विश्वव्यापी आवधिक समीक्षा

विश्वव्यापी आवधिक समीक्षा (UPR) मा बालअधिकारका सम्बन्धमा देहाय बमोजिम मूख्य सिफारिस तथा नेपाल सरकारको प्रतिक्रिया रहेको छ :

- शिक्षालाई निःशुल्क र अनिवार्य गर्न एवम् महिला शिक्षामा विशेष जोड दिनका निमित्त भएको सिफारिसमा सरकारले शिक्षाको अधिकारलाई मौलिक हक अन्तर्गत सुरक्षित गरिएको र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरिएको भनी जवाफ दिएको थियो ।
- बालबालिका बेचबिखनविरुद्ध समग्र कानुनी खाका तयार गर्न सिफारिस गरेकोमा मानव बेचबिखन ऐन पर्याप्त भन्ने र महिला तथा बालबालिका बेचबिखनविरुद्धको कार्ययोजना २०१० बाट नै कार्यान्वयनमा आएको भन्ने नेपाल सरकारको जवाफ रहेको छ ।

## ४. आयोगको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नका निमित्त गहन जिम्मेवारी दिएको छ । संविधानको धारा ३२ अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगको काम कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गर्दै मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानवअधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख हुनुका साथै उल्लिखित कर्तव्य पूरा गर्नका लागि आयोगले गर्नुपर्ने काम तथा अधिकारको सम्बन्धमा समेत स्पष्ट रूपमा उल्लेख गरिएको छ । आयोगको संविधान तथा ऐन प्रदत्त काम कर्तव्यको समग्र रूपमा विश्लेषण गर्दा आयोगलाई निम्न ३ वटा प्रमुख जिम्मेवारीहरू प्रदान गरिएको छः

- मानवअधिकार संरक्षण,
- मानवअधिकार सम्वर्द्धन र
- उल्लिखित दुवै कार्यका लागि पहल कदमी-वकालत/बहस) ।

आयोगलाई प्राप्त संबैधानिक तथा कानुनी अधिकारमार्फत बाल अधिकार विषय महासन्धि उल्लेख भएका प्रावधानहरूको कार्यान्वयन गर्ने सन्दर्भमा

राष्ट्रिय संविधान र कानुनमा उल्लेख भएका प्रावधानहरूको पालना भए नभएको अनुगमन गर्ने, सम्बन्धित विषयका उजुरीहरू ग्रहण गर्ने, अनुसन्धान गर्ने र नेपाल सरकार समक्ष आवश्यक सिफारिस गर्ने, सिफारिस तथा आयोगको निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुनबमोजिम  सार्वजनिक गरी अभिलेख राख्ने जस्ता संरक्षणात्मक कार्यहरू गर्दछ ।

यसैगरी बाल अधिकारको उल्लङ्घन र दुरुत्साहन रोक्ने सम्बन्धमा छानविन एवम् अनुसन्धान गर्ने, नेपाल सरकार मातहतका विभिन्न निकाय बालसुधार गृह, कारागार, थुनुवाकेन्द्रहरू वा कुनै संस्थाको अवलोकन भ्रमण, निरिक्षण गरी त्यस्ता निकाय वा संस्थाहरूको कामकारबाही, भौतिक सुविधा, जनजिवीका र मानव अधिकार सम्बन्धि विषयवस्तुहरूमा आवश्यक सुझाव दिने, मानव अधिकारसम्बन्धी कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि सिफारिस गर्ने समेतका संरक्षणात्मक कार्यहरू पनि आयोगले गर्दछ ।

बाल अधिकार सचेतना अभिवृद्धि गर्न नागरिक समाज, मानव अधिकार सङ्घसंस्था र सम्बन्धित निकायसँग सहकार्य गर्ने समेतका सम्वर्धनात्मक कार्य गर्ने अधिकार तथा दायित्व आयोगलाई रहेको छ । सम्वर्धनात्मक कार्य अन्तर्गत आयोगले तालिम, सेमिनार, गोष्ठी, सम्मेलन गर्ने, विद्युतिय लगायत विभिन्न सञ्चारमाध्यमको प्रयोग गरी सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, पुस्तक, पोष्टर एवम् आयोगका गतिविधि र बाल अधिकारका क्षेत्रमा उपयोगी हुने विविध विषय समावेश गरी जानकारी र सूचनामूलक प्रकाशनहरू प्रकाशित गर्ने, बाल अधिकार शिक्षाको प्रचारप्रसार गर्ने समेतका कार्यहरू पर्दछन् ।

उल्लिखित बाल अधिकारसम्बन्धी महासन्धि र सोको ऐच्छिक आलेख लगायतका दस्तावेजमा कार्यान्वयनका लागि नेपाल सरकारलाई महासन्धि र ऐच्छिक आलेखहरूमा उल्लिखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, बालअधिकार विषयक महासन्धि र ऐच्छिक आलेखमा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको हो । यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी

आफ्नो सुझाव, परामर्श उपलव्ध गराउँदै आएको छ । बालबालिका शान्तिक्षेत्र हुन भन्ने विश्वव्यापी नारामा आयोगले समर्थन जनाउँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। बालबालिकालाई बाल अधिकारबारे सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विद्यालयमा बाल अधिकारको पाठ्यक्रम सामाग्री निर्माण लगायत प्रचारप्रसार सम्बन्धी कार्यहरू गर्दै आएको छ ।

## ५. आयोगका गतिविधिहरू

राष्ट्रिय मानव अधिकार आयोगले साविकमा मानव अधिकार आयोग ऐन, २०५३, वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ र मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम आयोगले मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ। मानव अधिकार संरक्षण सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनमा आयोगको निरन्तर गतिविधिहरू एवम् पेरिस सिद्धान्त अनुरूप आयोगले प्राप्त गरेको स्वतन्त्र संस्थाको हैसियतले आयोग स्थापनाको ८ महिनाभित्रै राष्ट्रिय मानव अधिकार संस्थाहरू (National Human Rights Instituions) को अन्तर्राष्ट्रिय समन्वय समिति (International Co-ordination Commitee-ICC) बाट आयोगलाई A स्तरको हैसियत प्राप्त हुनुका साथै हालसम्म पनि A स्तरमै कायम रहन सफल भएको छ । बाल अधिकार संरक्षण र सम्वर्द्धनमा आयोगका गतिविधिहरू निम्नलिखित विषयमा केन्द्रितरहँदै आएका छन् :

### ५.१. संरक्षणात्मक कार्यहरू

#### ५.१.१. उजुरी ग्रहण

आयोगमा छुट्टै उजुरी सुन्ने शाखाको स्थापना भई सो उजुरी शाखामा मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई दर्ता गरी कारबाही प्रकृया अगाडि बढाइने गरिएको छ। उजुरीशाखामा बाल अधिकार उल्लङ्घनको उजुरी लिने, परामर्श सेवा प्रदान गरिने तथा आवश्यकता अनुसार सत्यतथ्य सङ्कलनको लागि बयान लिनेसम्मको कार्य गरिन्छ । त्यसैगरी उजुरीको सम्बन्धमा आवश्यक जानकारी, सूचना, तथा प्रमाण सङ्कलनको निमित्त सम्बन्धित अधिकृतमार्फत सम्बन्धित निकायमा पत्राचार गरिने प्रारम्भिक कारबाहीसमेत सञ्चालन हुने गर्दछ । बाल अधिकार उल्लङ्घनको विषयलाई आयोगले प्राथमिकता साथ कारबाही प्रकृया अगाडि बढाउने गरेको छ। बाल अधिकारको गम्भीर

उल्लङ्घनमा आयोगले स्वयम्ले विभिन्न सूचनाको आधारमा आफ्नो स्वविवेकमा समेत उजुरी लिई अनुसन्धान प्रकृया अगाडि बढाउने गरेको छ ।

### ५.१.२. अनुगमन तथा अनुसन्धान

आयोगको मुख्य संरक्षणात्मक कार्यमा बाल अधिकारको उल्लङ्घनको विषयमा अनुसन्धान गर्नु तथा निरोधात्मक उपायको लागि विभिन्न अनुगमन गर्नुरहेको छ । यस क्रममा प्राप्त उजुरीउपर अनुसन्धान गर्ने तथा बालअधिकारको अवस्थाको सम्बन्धमा विभिन्न प्रकारको अनुगमन गर्ने कार्य आयोगले निरन्तर गरिरहेको छ । अनुसन्धानको मुख्य उद्देश्य सत्यतथ्य पत्ता लगाउनु र अनुगमनबाट बाल अधिकारको अवस्थाको बारेमा जानकारी, सूचना सङ्कलन गरी आवश्यक कारबाही अगाडि बढाउनु हो । बालगृह, धर्ना, प्रर्दशन, जुलुस, हड्ताल, बन्द तथा कारागार तथा हिरासतको अनुगमनको कार्य बाल अधिकारको सम्बन्धमा उल्लेखनीय छन् । विभिन्न अनुगमनको प्राप्त तथ्यको आधारमा बाल अधिकारको अवस्थमा सुधार ल्याउँन आयोगले नेपाल सरकारलाई सिफारिससमेत गर्दै आएको छ । अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणको आधारमा दोषीउपर कारबाही र पीडितलाई क्षतिपूर्ति प्रदान गर्न दिने आयोगबाट सिफारिसहरू पनि हुँदै आएको अवस्था छ । यस्ता सिफारिस, निर्णय तथा अनुगमनसम्बन्धी प्रतिवेदनहरू सरोकारवालाहरूको जानकारीको लागि आयोगले समय-समयमा प्रकाशन गर्दै आएको छ ।

### ५.१.३. उद्दार तथा पुनर्स्थापना

अत्यन्त कठिन अवस्थामा रहेका बालबालिकाहरूको गम्भीर बाल अधिकार उल्लङ्घन भएको वा हुन लागेको अवस्थामा आयोगले त्यस्ता बालबालिकाको उद्दार गरी पुनर्स्थापनको लागि सम्बन्धित निकायमा पठाउने गरेको छ । मनोवैज्ञानिक परामर्शको लागि समेत विभिन्न गैरसरकारी सङ्घ, संस्थाहरूसँग आयोगले समन्वय गरिरहेको छ । यस्ता उद्दार तथा पुर्नस्थापनासम्बन्धी कार्यमा आयोगले केन्द्रीय बालकल्याण समिति, गैरसरकारी सङ्घ, संस्था तथा नेपाल प्रहरीसँग समन्वय गर्दै कार्य गरिरहेको छ ।

## ५.२. सर्वद्धनात्मक कार्यहरू

आयोगले संरक्षणात्मक कार्यको अलावा सम्वर्द्धनात्मक कार्यलाई पनि अगाडि बढाइरहेको छ । सार्वजनिक सुनुवाइ, अनुभव आदान-प्रदान, तालिम, गोष्ठी,

छलफल रहेका छन् । त्यसै गरी आयोगले कानुन पुनरावलोकनसम्बन्धी कार्य पनि गर्दै आएको छ । आयोगले सरकार, राज्यको निकाय वा अधिकारी एवम् बालअधिकारको क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी सङ्घसंस्था, नागरिक समाज, बालक्लब, विद्यालय, शिक्षक लगायतसँग बाल अधिकारको संरक्षण तथा सम्वर्द्धनको निम्ति सहकार्यलाई निरन्तरता दिँदै आएको छ । आयोगको प्रतिनिधित्व गर्दै विभिन्न सरकारी तथा अन्तराष्ट्रिय र राष्ट्रिय गैरसरकारी निकाय, गैरसरकारी सङ्घसंस्थाहरू सम्बन्धलाई अगाडि बढाउदै आएको छ । आयोगले बालअधिकारको सम्वर्द्धनार्थ गरेका गतिविधिहरूलाई सङ्क्षेपमा निम्नानुसार उल्लेख गरिएको छः

१. बाल अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँग सहयोग र समन्वय स्थापना एवम् विस्तार तथा अनुगमन गर्ने सम्बन्धमा आवश्यक रायसुझावका साथ छलफल गर्ने, सूचना तथा तथ्य सङ्कलन साथै बालअधिकार संरक्षण र सम्वर्द्धनमा विद्यमान चुनौती एवम् आवश्यक पहलका सम्बन्धमा छलफल गर्ने उद्देश्यले २०६२ असार १० माबालअधिकार वर्तमान चुनौती र समाधानका उपायहरू विषयक अन्तरकृया कार्यक्रम सम्पन्न गरिएको थियो ।

२. बालबालिकालाई कुनै पनि हालतमा हिंसामा संलग्न नगरौं भन्ने उद्देश्यका लागि शैक्षिक क्षेत्रलाई शान्तिक्षेत्रबनाउने भावी कार्यक्रम विषयक अन्तरकृया कार्यक्रम सम्पन्न गरिएको थियो ।

३. बालअधिकार अनुगमनको क्षेत्रमा बालअधिकारको बास्तविक स्थिति एवम्चुनौतीसम्बन्धी छलफल गर्ने उद्देश्यले वर्तमान सशस्त्र द्वन्द्वमा बालअधिकारको स्थिति विषयमा अन्तरकृया कार्यक्रम सञ्चालन गरिएको थियो ।

४. बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा आयोगका कर्मचारीहरूको क्षमता तथा ज्ञान वढाउने उद्देश्यले २०६२ जेठ २३ देखि २५  एक तालीम कार्यशाला आयोजना गरिएको थियो ।

५. सशस्त्र द्वन्द्वमा बालबालिका र आयोगको रणनीतिक योजना २००४ देखी २००८ तथा वार्षिक कार्ययोजना कार्यान्वयनसम्बन्धी क्षेत्रीय कार्यशालाहरू२०६२ साउन २१ र २३ मा आयोजना गरिएको थियो ।

६. २०६३ असार १४ देखि २१ सम्म बालबालिका शान्तिक्षेत्रसम्बन्धी बडापत्र तयारी विषयक छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

७. मानव अधिकार हनन्को विकराल अवस्थालाई मध्यनजर राखी बाल अधिकार संरक्षण तथा सम्वर्द्धनका क्षेत्रमा सम्वद्ध निकायहरूद्वारा भएगरेका गतिविधिहरूका सम्बन्धमा छलफल एवम् भावी कार्यक्रम तय गर्ने उद्देश्यले २०६३ कार्तिक ०२ मा बाल अधिकार संरक्षण र सम्वर्द्धन चुनौती एवम् भावी कार्यक्रम विषयक छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

८. नेपाल सरकार र तत्कालीन नेकपा माओवादीबीच युद्ध विराम पश्चात् जारी हुने आचारसंहितामा बाल अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि केकस्ता सवालहरू समावेश हुनुपर्दछ भन्ने सम्बन्धमा २०६३ वैशाख २८ मा युद्धविराम आचारसंहितामा बाल अधिकार संरक्षणका सवालहरू विषयक अन्तर्क्रिया सम्पन्न गरिएको थियो ।

९. सशस्त्रद्वन्द्वमा बालबालिकाको संरक्षणका लागि व्यवस्थित राष्ट्रिय कानुन तथा संयन्त्रहरूको बारेमा सरोकारवालालाई जानकारी गराउने उद्देश्यले २०६३ जेठ २३ देखी २५ मा सशस्त्रद्वन्द्वमा बालबालिका विषयक क्षेत्रीय कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो ।

१०. बालबालिकाको संरक्षणका लागि व्यवस्थित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा संयन्त्रहरूको बारेमा सरोकारवालाहरूलाई जानकारी दिई चेतना अभिवृद्धि गर्ने र द्वन्द्वको प्रभावले बाल अधिकारमा पारेको जल्दावल्दा सवालहरूमा सरोकारवालाहरूसँग छलफल गरि संयुक्त रणनिति तयार गर्ने उद्देश्यले २०६३ मङ्सिर ४ र ५ मा अन्तरकृया कार्यक्रमको आयोजना गरिएको थियो ।

११. बालबालिका अवस्थामा नै मानव अधिकार एवम् बाल अधिकारको विषयमा सचेत भई मानव अधिकार संस्कृति विकासमा प्रत्यक्ष सहयोग पुग्ने उद्देश्यले मानव अधिकार तथा बालअधिकार सचेतना कार्यक्रमको आयोजना गरिएको थियो ।

१२. २०६४असार ३१ मा संविधानसभा निर्वाचन र बालअधिकारका सवालहरू विषयक अन्तर्क्रिया कार्यक्रमसञ्चालन गरिएको थियो ।

१३. २०६४ असोज १० मा संविधानसभा निर्वाचन र बाल अधिकारका सवालहरू विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

१४. संविधानसभाको निर्वाचनमा बालबालिकाहरूको प्रयोग र बालबालिका शान्तिक्षेत्र हुन् भन्ने सन्दर्भमा २०६४ साउन ४ मा संविधानसभा निर्वाचनमा

बालअधिकारका सवालहरूमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

१५. बालबालिका तथा युवाहरूको अवस्था र चुनौती र समाधानका उपायहरूलाई सम्वोधन गर्ने उद्देश्यले २०६४ मङ्सिर २२ देखि २४ सम्म बालबालिका तथा युवाहरूको अवस्थामा चुनौती र समाधानका उपायहरू विषयक कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो ।

१६. बालबालिकाले संविधानसभामा बालअधिकार सुनिश्चित गर्ने सम्बन्धमा आफना अपेक्षाहरू राख्ने उद्देश्यका लागि २०६४ भाद्र २७ मा संविधानसभामा बालचेतना विषयक एक दिवसीय कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो ।

१७. बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यमा भएका पहल, उपलब्धि चुनौतीहरूबारे जानकारी दिने उद्देश्यले सेभ द चिल्ड्रेन नर्वेका प्रतिनिधिहरू र आयोगबीच २०६४ कार्तिक १९ मा बाल अधिकारसम्बन्धी विषयमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

१८. २०६४ मङ्सिर ४ मा वर्तमान अवस्थामा बालअधिकारको संरक्षण र सरोकारवालाहरूको दायित्व विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

१९. आयोगको क्षेत्रीय कार्यालय धनगढीबाट २०६४ माघ १७मा बझाङ जिल्लाको देवल रिठ्ठापाठास्थित श्री जालपा माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग र २०६४ माघ १८ देखि २० गतेसम्म बैतडी जिल्लाको श्री निग्लासैनी मावि देहीमाडौं तथा श्री दशरथचन्द मावि सुन्दरखालीमा विद्यालयका शिक्षकहरू तथा कक्षा ९ का विद्यार्थीहरूसँग जातीय छुवाछुतविरुद्ध शिक्षक विद्यार्थी जागरण कार्यकमको आयोजना गरिएको थियो । आयोगको टोलीले जातीय छुवाछुतसम्बन्धी विद्यमान कानुन, जातीय छुवाछुतसम्बन्धी महासन्धि तथा राज्यको दायित्वका साथै मानव अधिकारसम्बन्धी जानकारी गराइएको थियो ।

२०. जातीय छुवाछुत र राज्यको दायित्वसम्बन्धी ज्ञानदिने उद्देश्यले २०६४ माघ १७ देखी २० सम्म जातीय छुवाछुत विरुद्ध शिक्षक तथा विद्यार्थीबीच जागरण मूलक कार्यक्रम सञ्चालन गरिएको थियो ।

२१. मानव अधिकार मैत्री संविधानमा योगदान पुऱ्याउने उद्देश्यले २०६५ मङ्सिर ४ मा मानव अधिकार मैत्री संविधान वनाउने विषयमा विभिन्न सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

२२. आयोगको क्षेत्रीय तथा केन्द्रीय कार्यलयमा एक दिने बाल सहभागिताः बाल आवाज विषयक एक दिवसीय कार्यशाला (बालभेला) गोष्ठी सम्पन्न गरेको थियो । आयोगको केन्द्रीय कार्यालय २०६५ भदौ ३१, पोखरा २०६५ भदौ ९, विराटनगर २०६५ भदौ १४, डडेल्धुरामा २०६५ भदौ १८ र सुर्खेतको वीरेन्द्रनगर २०६५ भदौ १८ मा कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो । कार्यक्रममा बाल अधिकार, बालअधिकार हनन् भएमा उजुरी गर्नुपर्ने निकाय, राष्ट्रिय मानव अधिकारको काम, कर्तव्य र अधिकार, संविधान र कानुनी व्यवस्था, नेपाल कानुनले बालअधिकारको सम्बन्धमा गरेको व्यवस्था आदि विषयमा छलफल गरिएको थियो ।

२३. बाल अधिकारका चुनौतीहरूलाई सामना गर्न राष्ट्रिय मानव अधिकार निकायहरूको संयुक्त प्रयत्न हुनुपर्ने उद्देश्यले बालबालिकासम्बन्धी दक्षिण एसियाली वैठक २०६५ मङ्सिर १५ र १६ मा सम्पन्न गरिएको थियो ।

२४. बाल अधिकारबाट प्राप्तहुने व्यक्तिगत मुद्दा तथा उजुरीहरूमाथि कारबाहीको लागि बाल अधिकारको इकाइको  कार्यादेश फराकिलो बनाउनुपर्ने, उजुरीको संयन्त्र प्रभावकारी प्रयोगलाई सहजीकरण गर्न बालबालिकाको चेतना वृद्धि गर्नुपर्ने सवाललाई विशेष रूपमा सम्बोधन गर्नुपर्ने विषयमा प्रतिनिधिहरूसँग २०६५ मङ्सिर ४ मा छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

२५. खोटाङमा २०६५ साल पुस १३ र १४ गते "बालअधिकार र आगामी संविधानमा बालबालिकाका सवाल" विषयक २ दिने कार्याशाला गोष्ठी आयोजना गरिएको थियो ।

२६. आयोगबाट आगामी दिनहरूमा बालबालिकाको क्षेत्रमा केकस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भन्ने सन्दर्भमा २०६६ चैत १५ र १६ गते बालबालिकासम्बन्धी कार्ययोजना गोष्ठी आयोजना गरिएको थियो ।

२७. २०६७ भाद्र १० र २०६७ असार ११ मा मानव अधिकार, बाल अधिकार र राष्ट्रिय मानव अधिकार आयोगको बारेमा जानकारी दिने उद्देश्यले बाल अधिकार संरक्षण र हाम्रो दायीत्व विषयक प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो ।

२८. बाल मनोविज्ञानलाई केन्द्रित गरी सशस्त्रद्वन्द्वमा बालबालिकाको बारेमा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०६७ असोज २४ देखी २६ सम्म बाल मनोविज्ञानमा केन्द्रित सशस्त्रद्वन्द्वमा बाल अधिकार विषयक क्षमता अभिवृद्धिमूलक तालिम कार्यक्रम आयोजना गरिएको थियो ।

२९. आर्थिक, सामाजिक तथा सांस्कृति अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १० (२) र महिलाविरुद्ध हुन् सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा ११ बमोजिम आयोगमा कार्यरत महिला कर्मचारीहरूले सुत्केरी भएको दुई महिनापछि कार्यालयको कामलाई निरन्तरता दिनुपर्ने अवस्था छ । उनीहरूलाई काम गर्ने उपयुक्त वातावरण सिर्जना गर्न तथा बालबालिकाको स्तनपानको अधिकारलाई सुनिश्चत बालस्याहार सुविधा प्रणालीको उपभोग गर्न आयोगको केन्द्रीय कार्यलयमा शिशुकक्षको स्थापना गरिएको छ ।

३०. संयुक्त राष्ट्रसङ्घका महासचिवका विशेष प्रतिनिधि राधिका कुमारास्वामीले २०६५ मङ्सिर १९ गते आयोगमा भ्रमण गर्नुभएको थियो । उहाँले नेपालमा द्वन्द्वप्रभावित बालबालिकाको स्थितिमा अपेक्षित सुधार हुन नसकेको र नेपालपक्ष भएका बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता र बिस्तृत शान्तिसम्झौताको प्रावधानबमोजिम द्वन्द्व प्रभावित बालबालिकाको उद्दार तथा संरक्षण हुन नसकेको तर्क राख्नुभयो । यसमा आयोगले विशेष पहल गर्नुपर्नेमा उहाँको जोड थियो ।

३१. नर्वेजियन एम्वुड्सपर्सन (थल अधिकार सम्बन्धी) द्वारा बाल अधिकार सम्बन्धी गतिविधी बुझ्न आयोगमा भ्रमण भएको थियो उक्त भ्रमणमा निजले बाल अधिकार संरक्षण र संवर्द्धनका लागि सुझाव प्रदान गरेका थिए ।

३२. संयुक्त राष्ट्र संघीय बाल अधिकार समितिले सन् २००५ मा नेपाल सरकारले बुझाएको आवधिक प्रतिवेदनको आधारमा नेपाल सरकारलाई बाल अधिकारको संरक्षण तथा संवर्द्धनको लागि सिफारिस गर्दा आयोगमा स्थापना भएको बाल अधिकार डेस्को प्रशंसा गरेको थियो ।

## ५.३. कानुन तथा नीतीहरूको पुनरावलोकन

नेपाल सरकारले बनाएको बाल अधिकारसम्बन्धी विभिन्न नीति तथा कानुनहरू बाल अधिकारमुखी भएनभएको तथा त्यसका प्रावधानहरू बाल अधिकार मैत्री छन्- छैनन् भनी आयोगले नीति तथा कानुनहरूको पुनरावलोकन गरी

नीत तथा कानुनहरूमा बाल अधिकारको अन्तर्राष्ट्रिय मान्यताअनुसार बनाउन नेपाल सरकारलाई राय तथा सुझाव दिँदै आएको छ । जसलाई देहायबमोजिम उल्लेख गरिएको छ:

१. तेस्रो चौथो र पाँचौ आवधिक प्रतिवेदनको सम्बन्धमा आयोगको २०६८ मंसिर २७ को निर्णयबमोजिम नेपाल सरकारलाई सुझाव पठाइएको छ ।

२. सिविन नेपालबाट मस्यौदा गरी सिफारिसको लागि पहल गरिदिन आग्रह भै आएको "विद्यालय बालसंरक्षण नीति २०६७" मस्यौदा आयोगमा छलफल गरी परिमार्जनसहित नेपाल सरकारलाई पठाइएको छ ।

३. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले तयार गरेको "राष्ट्रिय बालसंरक्षण नीतिमा आयोगको राय पठाइएको छ ।

४. बालबालिकासम्बन्धी ऐनको लागि मस्यौदा विधेयकमा आयोगले नेपाल सरकारलाई आफ्नो रायसुझाव पठाएको छ ।

५. २०६७ बैशाख ३० मा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० र बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लिल चित्रणविरूद्ध बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० को सम्बन्धमा महासन्धिको पक्ष राष्ट्रको हैसियतले संयुक्तराष्ट्र संघीय बालअधिकार समतिमा पेश गर्ने प्रयोजनार्थ नेपाल सराकारले तयार गरेको प्रारम्भिक प्रतिवेदनमाथि नेपाल सरकारलाई आयोगको रायसुझाव पठाइएको छ ।

६. आयोगको २०६७ बैशाख ३० गतेको निर्णय अनुसार हतियार तथा विष्फोटक पदार्थको प्रयोगमा प्रतिबन्ध तथा तिनको विनाससम्बन्धी महासन्धिमा यथाशीघ्र हस्ताक्षर गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अघि बढाउन नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## ५.४. उजुरी तथा सिफारिसहरू

आयोगले आफनो स्थापनाकालदेखि नै बाल अधिकार उल्लङ्घनका उजुरीहरू गहण गर्दै आइरहेको छ । बालअधिकार उल्लङ्घन भएको भनी आयोगमा दर्ता हुन आएका उजुरी तथा बाल अधिकार उल्लङ्घन हुनसक्ने विभिन्न विषयहरूमा अनुसन्धान तथा अनुगमनको कार्य गर्दै आइरहेको छ । आयोगमा रहेका बाल अधिकारसम्बन्धी उजुरी तथा सिफारिसहरूको अवस्था देहायबमोजिम रहेको छ:

### ५.४.१ उजुरीहरूको अवस्था

आयोगमा प्राप्त उजुरीहरूमध्ये तत्कालीन नेकपा (माओवादी)-को सैन्य शिविरमा रहेका बालसैन्य, शिक्षकद्वारा दुर्व्यवहार, घरेलु कामदार राख्नुको साथै उनीहरूमाथिको दुर्व्यवहार, द्वन्द्वकालीन समयमा सुरक्षाकर्मी, प्रहरी तथा नेकपा (माओवादी) बाट हत्या, बालसुधार गृहमा नराखी कारागारमा राखिएको, प्रहरीद्वारा यातना, अविभावकको बिनासहमति धर्मपुत्रीको रूपमा बालिकालाई विदेशमा पठाइएको जस्ता प्रकृतिका रहेका छन् । कुल जनसङ्ख्याको ४८ प्रतिशत भन्दा वढी सङ्ख्या बालबालिकाको रहेको भए पनि तिनीहरूको अधिकार संरक्षणमा प्रभावकारिता आउन नसक्नाले धेरै बालबालिकाहरू शिक्षा, स्वास्थ्य, जीवन तथा यातना, शोषणविरुद्धको अधिकारबाट वञ्चित रहेको आयोगको अनुगमनबाट पाइएकोछ । बालबालिकाको अधिकार संरक्षणका लागि उनीहरू आफैँसक्षम नहुने हुँदा अन्य पक्षबाट यसतर्फ ध्यान पुऱ्याउनु जरुरी छ । आयोगमा प्राप्त उजुरीहरूमध्ये २०६८ चैत मसान्तसम्म १९६ वटा उजुरीहरू अनुसन्धानको क्रममा रहेका छन् । यीमध्ये क्षेत्रीय कार्यालय नेपालगञ्ज अन्तर्गत सर्वाधिक १०७ वटा र क्षेत्रीय कार्यालय जनकपुरमा एउटामात्रै उजुरी रहेको देखिन्छ ।

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उजुरी | १० | १४ | १ | ३ | ५ | १०७ | २ | २१ | ३३ | १९६ |

### ५.४.२. सिफारिसहरूको अवस्था

बाल अधिकारसँग सम्बन्धित १३ वटा उजुरीहरूउपर आयोगले विभिन्न मितिमा नेपाल सरकारलाई सिफारिस गरेको छ । यसमा सबै बालबालिकालाई अनिवार्य शिक्षा दिने कार्यलाई आधारभूत अधिकारका रूपमा प्राथमिकता दिई कार्यान्वयन गर्ने, अन्तरसीमा तथा सीमापार चेलिबेटी बेचबिखनलाई रोक्नको लागि प्रभावकारी उपायहरू अवलम्बन गर्ने रहेका छन् । त्यस्तै छाउपडी, झुमा, देउकी जस्ता परम्परागत संस्कारको नाममा हुने शोषणको रोकथामको लागि प्रभावकारी कानुनको निर्माण गरी कार्यान्वयन गर्ने, हत्या हिंसा र सार्वजनिक सम्पत्तीको बिनाशबाट शैक्षिक क्षेत्रमा अस्त व्यस्तता बढ्न गई बालबालिकाको पढ्न पाउने अधिकार हनन् भइरहेको हुँदा विद्यालयलाई शान्तिक्षेत्रको रूपमा स्वीकारी तदनुरूप व्यबहार गर्नुपर्ने लगायतका भएका छन् ।

यसैगरी आयोगले द्वन्द्वको कारणले बालबालिकालाई प्रत्यक्ष असर पुगिरहेको हुँदा हिंसा पीडित बालबालिकाको मानव अधिकार संरक्षणमा विशेष कार्यक्रम ल्याइनुपर्ने, जातजाति, लिङ्ग,भाषा, धर्म, राष्ट्रियता र सामाजिक उत्पत्ति,

सम्पत्ति र जन्ममध्ये कुनै पनि कुराको आधारमा भेदभाव नगरी बालबालिकालाई परिवार, समाज र राज्यबाट सुरक्षाको प्रत्याभूति गरिनुपर्ने, विद्यालयलाई शान्तिक्षेत्रको रूपमा प्रयोग गरिने कुराको तत्काल घोषणा गरिनुपर्ने, विद्यालय भवन तथा विद्यालयको क्षेत्र भित्र गैर शैक्षिक क्रियाकलाप गर्नमा रोक लगाउनुपर्ने र विद्यालयभित्र सैन्य गतिविधिहरू सञ्चालन नगर्ने, विद्यालयमा शारिरीक दण्ड, सजायलाई अन्त्य गरिनुपर्ने सुझाव र सिफारिस पनि गरेको छ । सरकारको निःशुल्क स्वास्थ्य नीति तथा बालबालिकाको स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रमहरू भए तापनि कुपोषण लगायत अन्य रोगबाट बालबालिका ग्रसित हुनपरेको स्थितिमा नेपाल सरकारले उच्च पहाडी, हिमाली क्षेत्र तथा ग्रामीण क्षेत्रमा अनुगमन गरी त्यस्ता बालबालिकाहरूको लागि स्वास्थ्य उपचार र पोषण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने लगायतका सिफरिसहरूसमेत आयोगले गरेको छ ।

संविधानसभाको निर्वाचनको समयमा आयोगले ६९ जिल्लामा अनुगमन एवम् अनुसन्धान गरी प्राप्त तथ्यको आधारमा बालसैन्यलाई बिनाशर्त शिविरबाट बाहिर निकाली समाजमा पुनःस्थापना, पुनःएकीकरण, सामाजिक पुनःर्मिलन लगायत उनीहरूलाई शिक्षा, तालिम, रोजगार लगायतको व्यवस्था मिलाउने लगायतका विषयमा सरकारलाई सिफारिस गरेको थियो । सिफारिस गरिएका विषयहरूमा आयोगले बालअधिकारको सवालमा विषयवस्तुको गाम्भीर्यता एवम् आवश्यकताअनुसार समय-समयमा प्रेस-विज्ञप्तिहरू जारी गर्दै आएको छ । क्षेत्रगत रूपमा आयोगले २०६८ चैत मसान्तसम्म गरेका सिफारिसहरूलाई देहायबमोजिम उल्लेख गरिएको छः

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सिफारिस | ० | १ | ० | ४ | ५ | १ | ० | ० | २ | १३ |

**नोट** : तथ्याङ्कको अभिलेखन आयोगको २०६५ कार्तिक १ गतेको निर्णयानुसारको क्षेत्राधिकारबमोजिम गरिएको छ ।

## ५.५. आयोगद्वारा प्रदान गरिने सेवाहरू

बाल अधिकार संरक्षण सम्वर्द्धनका विषयमा आयोगबाट देहायमा उल्लिखित सेवाहरू उपलब्ध गराईंदै आएको छः

- बालअधिकारउल्लङ्घन तथा ज्यादतिका उजुरीहरू ग्रहण गर्ने,
- आयोगले स्वविवेकीय आधारमा पनि उजुरी लिने,
- उजुरीउपर प्रारम्भिक कारबाही गर्ने, पत्राचार तथा सोधपुछ गर्ने,
- बाल अधिकारको अवस्थाको अनुगमन गर्ने,
- उजुरीको छानवीन, तथ्य सङ्कलन, अनुसन्धान गर्ने,
- उजुरीउपर अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा सिफारिस गर्ने,

- सम्वर्द्धनात्मक तथा सचेतनात्मक गतिविधिहरू सञ्चालन गर्ने,
- सरोकारवाला निकायहरूसँग महिला मानव अधिकार रक्षाका लागि समन्वय र सहकार्य गर्ने,
- अनुगमन, अध्ययन, अनुसन्धान तथा सम्वर्द्धनात्मक गतिविधिहरू सम्बन्धमा प्रकाशन गरी वितरण गर्ने,
- तालीम, अन्तर्क्रिया, गोष्ठी, संवादका कार्यक्रमहरू सञ्चालन गर्ने,
- बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा राष्ट्रिय कानुनहरू बारे जानकारी गराउने र
- राष्ट्रिय कानुन, नीति तथा कार्यक्रमहरू बालमैत्री भएनभएको सम्बन्धमा कानुनहरू पुनरावलोकन गर्ने, राय तथा सुझाव दिने ।

## ५.६. आयोगका प्रकाशन

आयोगद्वारा स्थापनाकालदेखि हालसम्म प्रकाशन भएका बाल अधिकार लगायत विविध विषयहरूसँग सम्बन्धित अनुगमन, अनुसन्धान, कानुनी परामर्श एवम् सम्वर्द्धनात्मक गतिविधिहरूसँग सम्बन्धित प्रकाशनहरू सरोकारवालाहरूलाई निःशुल्क रूपमा वितरण गर्ने गरिएको छ । आयोगद्वारा प्रकाशित केही प्रमुख प्रकाशनहरूको सूची देहायको तालिकामा उल्लेख भएबमोजिम रहेका छन्ः

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १ | राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी ब्रोसियर्स (नेपाली र अङ्ग्रेजी) | २०५७ |
| २ | बाल अधिकारसम्बन्धी ब्रोसियर्स, स्टिकरहरू | २०६२ |
| ३ | चेलिबेटी तथा बालबालिका बेचबिखन-ओसारपोसार विरुद्ध सम्बन्धी ब्रोसियर्स | २०६३ |
| ४ | द्वन्द्वको समयमा बालबालिका अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूले पालना गर्नुपर्ने आयोगबाट जारी भएको आचारसंहिता | २०६२ |
| ५ | आयोगद्वारा प्रस्तावित नेपाल सरकार र नेकपा माओवादी बीचको मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी सम्झौता पत्रको मस्यौदा सम्बन्धी ब्रोसियर्स | २०६३ |
| ६ | बाल जिज्ञासा र जवाफहरू सम्बन्धि जानकारी पुस्तिका | २०६३ |
| ७ | राष्ट्रिय मानव अधिकार आयोग एक चिनारी | २०६२ |
| ८ | राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, २०५८-२०६८ (नेपाली र अङ्ग्रेजी) | २०६८ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| ९ | नेपालमा मानव अधिकारको स्थिति: एक प्रतिवेदन, २०६० | २०६१ |
| १० | नेपालमा मानव अधिकारको स्थिति: एक सारांश प्रतिवेदन, २०६० | २०६१ |
| ११ | द्वन्द्वको अवस्थामा मानव अधिकारका लागि श्री ५ को सरकार तथा नेकपा (माओवादी) समक्ष प्रस्तुत गरिएका सुझाव | २०६१ |
| १२ | सङ्कटकालमा मानव अधिकारको अवस्था, २०६२ | २०६३ |
| १३ | युद्धविरामको अवस्थामा मानव अधिकार अवस्थाको अनुगमन, २०६२ | २०६३ |
| १४ | बाल अधिकारसम्बन्धी वार्षिक प्रतिवेदन, सन् २००५ | २०६२ |
| १५ | जनआन्दोलन अनुगमन प्रतिवेदन, २०६३ | २०६३ |
| १६ | सशस्त्र द्वन्द्वमा बाल अधिकार (कार्यशाला गोष्ठीहरूमा प्रस्तुत कार्यपत्रहरूको संगालो) | २०६३ |
| १७ | National Report in Trafficking specially in Women and Children, 2006 | २०६२ |
| १८ | मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिका राष्ट्रिय प्रतिवेदन, २०६२ | २०६३ |
| १९ | छ महिने युद्धविरामको अवधिमा मानव अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन | २०६३ |
| २० | बाल अधिकार अवस्था प्रतिवेदन, २००६ | २०६३ |
| २१ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था | २०६४ |
| २२ | शान्ति सम्झौताको अवधिमा मानव अधिकार अवस्था | २०६४ |
| २३ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज, २०६४-२०६८ | २०६८ |
| २४ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, पोखरा, २०६४-२०६८ | २०६८ |
| २५ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, धनगढी, २०६४-२०६६ | २०६६ |
| २६ | बाल अधिकार प्रतिवेदन, सन् २००७ | २०६४ |
| २७ | Trafficking in Persons (Women and Children) National Report Summary (ONRT) | २०६५ |
| २८ | राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वायनको अवस्था | २०६५ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| २९ | Trafficking in Persons Especially on Women and Children in Nepal National Report 2006 - 2007 | २०६५ |
| ३० | संविधान निर्माणको सिलसिलामा उपयोगी हुने प्रश्नोत्तरको संगालो | २०६५ |
| ३१ | बाल अधिकारको सिफारिस कार्यान्वयनको  अवस्था | २०६५ |
| ३२ | Annual Report, English Summary | २०६५ |
| ३३ | मानव अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन | २०६५ |
| ३४ | आन्तरिक विस्थापन र विस्थापितको अधिकार रक्षार्थ भएका प्रयासहरू एक प्रतिवेदन | २०६५ |
| ३५ | Rapid Assessment of Conflict induced Internally Displaced Persons (IDP's) for their Return, Resettlement and Reintegration | २०६६ |
| ३६ | Status of the child Rights in Nepal Annual Report 2008 | २०६६ |
| ३७ | राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन सम्बन्धी अवस्था | २०६६ |
| ३८ | बिस्तृत शान्तिसम्झौताको पहिलो, दोश्रो, तस्रोर चौथो वर्षको अनुगमन प्रतिवेदन, (नेपाली र अङ्ग्रेजी) | २०६४-२०६७ |
| ३९ | जाजरकोट लगायत मध्य तथा सुदुर पश्चिमका जिल्लाहरूमा झाडापखाला र हैजाबाट भएको सर्वसाधारणको मृत्यु तथा खाद्य पदार्थको वितरण सम्बन्धमा गरिएको अनुगमन/अनुसन्धान प्रतिवेदन | २०६६ |
| ४० | बाल अधिकारसम्बन्धी वार्षिक प्रतिवेदन, २००९ | २०६६ |
| ४१ | आयोगको एक, दशक महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू, २०५७-२०६७२०६७ | |
| ४२ | Trafficking in Persons especially on Women & Children in Nepal National Report 2008-2009 | २०६७ |
| ४३ | आयोगको एक दशक, उजुरीउपर आयोगका सिफारिसहरू, २०५७-२०६७ | २०६७ |
| ४४ | मानव बेचबिखन महिला तथा बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदन सारांश | २०६७ |
| ४५ | नेपालमा बाल अधिकारको अवस्था वार्षिक प्रतिवेदन,सन् २०१० | २०६७ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| ४६ | नागरिक समाजसँग आयोगको सहकार्य, सङ्क्षिप्त प्रतिवेदन | २०६८ |
| ४७ | Trafficking in Persons especially on Women & Children in Nepal National Report, 2009-2010 | २०६८ |
| ४८ | मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदनको सारसङ्क्षेप सन् २००९-२०१० | २०६८ |
| ४९ | बालबालिका माथि विद्यालयमा हुने शारीरिक दण्ड विरुद्धको अधिकारसम्बन्धी ब्रोसियर्स | २०६९ |
| ५० | बाल अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| ५१ | मानव अधिकार प्रश्न-उत्तर सँगालो | २०६१ |
| ५२ | Pocket Book on the Seven main International Human Rights Treaties with Optional Protocols | |
| ५३ | National Human Rights Commission, Strategic Plan 2004-2008 | २०६१ |
| ५४ | An Assessment of Human Rights Protection Mechanism at Police Woman and Children Cell in Nepal, December 2004 (NHRC ONRT-The Asia Foundation) | २०६२ |
| ५५ | आयोगका पाँच वर्ष, २०५७-२०६२ | २०६२ |
| ५६ | राष्ट्रिय मानव अधिकार आयोगक चारि वर्षक उपलब्धी (मैथिलीमा) | २०६१ |
| ५७ | Report on Integration of Dalits Rights Promotion Programme, 2004 | २०६२ |
| ५८ | नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको बिस्तृत शान्तिसम्झौता | २०६३ |
| ५९ | मानव अधिकारको विश्वव्यापी समीक्षा सम्बन्धी प्रतिवेदन | २०६८ |
| ६० | शिक्षा हाम्रो अधिकारसम्बन्धी पोष्टर | २०६३ |
| ६१ | शिक्षा, स्वास्थ्य र मनोरन्जन, हाम्रो अधिकार, पोष्टर | २०६३ |
| ६२ | मलाई पढ्न देउ, श्रमको भारी नबोकाउ, पोष्टर | २०६३ |
| ६३ | नेपालमा बाल अधिकारको अवस्था वार्षिक प्रतिवेदन सन् २०११ | २०६९ |

# ६. समन्वय र सहकार्य

मानव अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आयोगको एक्लो प्रयाश असम्भव नै हुन्छ । यसका लागि आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा कार्यरत विभिन्न मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू, कुटनीतिक नियोग, संयुक्त राष्ट्रसङ्घीय विभिन्न निकायहरू, नागरिक समाजसँग समेत अर्थ र औचित्यपूर्ण सहकार्य सञ्चालन गर्दै आइरहेको छ। उक्त विभिन्न निकाय, सङ्घसंस्था, नियोगहरूसँगको सहकार्यलाई आयोगले उच्च प्राथमिकता दिँदै आएको छ ।

राष्ट्रियस्तरमा आयोगले नेपाल सरकार, विभिन्न राजनैतिक दलहरू, संसद, न्यायिक निकायहरू र नागरिक समाज एवम् मानवअधिकार सम्बद्ध सङ्घसंस्थाहरूसँग छलफल, अन्तक्रिया गर्दै आइरहेको छ। आयोगको सहकार्यलाई सारांशमा देहायका बुँदाहरूमा चर्चा गरिएको छः

## ६.१. नेपाल सरकार

बाल अधिकारका सम्बन्धमा आयोग र नेपाल सरकारतथा मातहतका निकायहरू, सुरक्षा निकायहरूबीच विभिन्न छलफल, विचार आदानप्रदान, पत्राचार, सहकार्य गर्दै आएको छ । महिला तथा बालबालिका मन्त्रालय, शिक्षा मन्त्रालय, बालबालिका खोजतलास केन्द्र, नेपाल बाल सङ्गठनसमेतसँग आयोगले सहकार्य गर्दै आएको छ । आयोगले गरेका उजुरीहरू उपर नीतिगत सिफारिसहरू कार्यान्वयन गर्न नेपाल सरकार तथा मातहतका निकायहरूबाट सकारात्मक पहल भैरहेको छ। यस्तो सहकार्य र समन्वयबाट आगामी दिनहरूमा बालअधिकार संरक्षण र सम्वर्द्धनमा सहकार्यले निरन्तरता पाइरहने एवम् आयोगका सिफारिसहरूको पूर्ण कार्यान्वयन हुने अपेक्षा गरिएकोछ ।

## ६.२. नागरिक समाज

मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घसङ्गठनहरूसँग बाल अधिकारका सम्बन्धमा आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्ध रहँदै आएको छ। नेपालका पाँच विकास क्षेत्रका अधिकांश जिल्लाहरूमा आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूमार्फत आयोगले नागरिक समाजसँगको सहकार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ ।

नागरिक समाज तथा गैरसरकारी संस्थाहरूमार्फत आयोगले बाल अधिकारसम्बन्धी विभिन्न सूचना एवम् जानकारी र उजुरीहरू प्राप्त गर्ने गरेको छ। यसै गरी यस्ता संस्थाहरूले आयोगमा उजुरीहरू पठाइ मानव अधिकार संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्। अनुसन्धान, अनुगमनका क्रममा आयोगलाई विभिन्न राय, परामर्श, सुझावहरूसमेत दिँदै आएका छन्। आयोगले अनौपचारीक क्षेत्र सेवाकेन्द्र (इन्सेक), बालमजदूर सरोकार केन्द्र (सिविन), चाईल्ड नेपाल CWISH Nepal, Czop, Girls Education, सशस्त्र सूमह प्रभावित हुने बालबालिका सञ्जाल (CAFAAG) लगायतका गैरसरकारी संस्था तथा संजालहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ। यस्तो सहकार्य र समन्वयबाट आगामी दिनहरूमा बालअधिकार संरक्षण र सम्वर्द्धनमा सहकार्यले निरन्तरता पाइरहने एवम् आयोगका सिफारिसहरूको पूर्ण कार्यान्वयन हुने अपेक्षा गरिएको छ।

## ६.३. सञ्चार जगतसँगको सहकार्य

बाल अधिकारका सवालहरूमा आयोगको धारणा सार्वजनिक गर्नका लागि आयोगले सञ्चार जगतको सहयोग लिँदै आएको छ। हाल आएर आयोगले रेडियो सगरमाथाबाट मानव अधिकार सचेतना कार्यत्रम सञ्चालन गर्दै आइरहेको छ। यसैगरी अन्य सञ्चारमाध्यमहरूबाट पनि आयोगले मानव अधिकारका विषय वस्तुहरूको प्रचार-प्रसार गर्दै आइरहेको छ।

## ६.४. अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य

आयोगले बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागि अन्तर्राष्ट्रिय निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्दै आएको छ। यसैक्रममा युरोपेली युनियनसँगको सहकार्यले आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको बिस्तार भएको छ। यसबाट बाल अधिकारसँग सम्बन्धित क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूसँगको पहुँच र सहकार्यमा समेत सहज भएको छ। त्यसैगरीसेभ द चिल्ड्रेन (SAVE The CHILDREN), संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP), संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारको उच्चायुक्तको कार्यालय (OHCHR), द एसिया फाउण्डेशन, मानव अधिकार आयोगहरूको छाता सङ्गठन International Coordination Committee (आईसिसी) र मानव अधिकार आयोगहरूको क्षेत्रीय छाता सङ्गठन Asia Pacific Forum for National Human Rights Institutions (APF) हरूसँग समेत समन्वय र सहकार्य रहँदै आएको छ।

## ७. आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

| | |
|---|---|
| हरिहर भवन, ललितपुर<br>इमेल nhrc@nhrcnepal.org<br>वेवसाइट www.nhrcnepal.org | पो.ब.न. ९१८२, काठमाडौं<br>फोन ०१ ५०१००१५, १६, १७, १८<br>फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५<br>हटलाइन २ ११ ११ ११ |

### क्षेत्रीय कार्यालयहरू

| | | | |
|---|---|---|---|
| १. | विराटनगर | बरगाछी चोक | फोन ०२१ ४६१९३१, ४६१०९३<br>फ्याक्स ०२१ ४६११०० |
| २. | जनकपुर | जनकपुरधाम | फोन ०४१ ५२७८११, ५२७८१२<br>फ्याक्स ०४१ ५२७२५० |
| ३. | पोखरा | जनप्रिय मार्ग | फोन ०६१ ४६२८११, ४६२८२२<br>फ्याक्स ०६१ ४६५०४२ |
| ४. | नेपालगञ्ज | शान्तिनगर | फोन ०८१ ५२६७०७, ५२६७०८<br>फ्याक्स ०८१ ५२६७०६ |
| ५. | धनगढी | उत्तर बेहेडी | फोन ०९१ ५२५६२१, ५२५६२२<br>फ्याक्स ०९१ ५२५६२३ |

### उपक्षेत्रीय कार्यालयहरू

| | | | |
|---|---|---|---|
| १. | खोटाङ | दिक्तेल | फोन ०३६ ४२०२८४ |
| २. | रुपन्देही | बुटवल | फोन ०७१ ४४६९११ |
| ३. | जुम्ला | खलङ्गा | फोन ०८७ ५२०२२२ |

## केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौं
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन २ ११ ११ ११

## क्षेत्रीय कार्यालयहरू

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, जनकपुरधाम
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६२८२२
फ्यायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर,
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

## उपक्षेत्रीय कार्यालयहरू

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४
रूपन्देही, बुटवल, फोन ०७१ ४४६९११
जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२